# कोभिड-१९ ले शैक्षिक क्षेत्रमा पारेको प्रभाव

त्रि.वि, शिक्षाशास्त्र संकाय, शिक्षाशास्त्र केन्द्रीय विभाग, अर्थशास्त्र शिक्षा विभाग स्नाकोत्तर तह चौँथो सेमेस्टारको आंशिक आवश्यकता परिपूर्तिका लागि प्रस्तुत

शोधपत्र

प्रस्तुतकर्ता

लक्ष्मी राई

रोल नम्बर. : ७४२८३५७

त्रि.वि. दर्ता नं. : ९-२-०८९१-००५९-२०१३

भर्ना वर्ष : २०७४

शिक्षाशास्त्र केन्द्रीय विभाग

अर्थशास्त्र शिक्षा विभाग

त्रिभुवन विश्वविद्यालय

किर्तिपुर, काठमाण्डौं

२०७९

## प्रतिवद्धतापत्र ( DECLARATION )

प्रस्तुत शोधपत्र कोभिड-१९ ले शैक्षिक क्षेत्रमा परेको प्रभाव रोङ्ग गाँउपालिकाको एक अध्ययन हो । त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र संकाय, अर्थशास्त्र केन्द्रिय विभाग, स्नाकोत्तर तह चौथो सेमेस्टरका आंशिक पाठ्यभार पुरा गर्नका लागी तयार पारिएको हो । यो सोधपत्र मेरो ज्ञान र प्राथमिक सूचना तथा तथ्याकको आधारमा शोधनिर्देशक प्रा.डा.सूर्य बहादुर थापाको सुपरिवेक्षण तथा निर्देशनमा तयार पारिएको हो । यस शोधपत्रमा प्रयोग गरिएका सामग्रीको स्पष्ट रूपमा खुलाइएको । यसमा शोधपत्रमा प्रयोग भएका कुराहरू अन्य कुनै पनि ठाँउमा प्रयोग नभएको र त्रिभुवन विश्वविद्यालयको शोधपत्र मापदण्डको आधारमा गरिएको कुरा प्रतिबद्धता व्यक्त गर्दछु ।

...........................

लक्ष्मी राई
रोल नम्बर : ७४२८३५७
त्रि.वि दर्ता नम्बर : ९-२-०८९१-००५९-२०१३
अर्थशास्त्र शिक्षा
शिक्षाशास्त्र संकाय केन्द्रिय विभाग

त्रिभुवन विश्वविद्यालय
शिक्षा शास्त्र संकाय

# शिक्षा शास्त्र केन्द्रीय विभाग

TRIBHUVAN UNIVERSITY
FACULTY OF EDUCATION
CENTRAL DEPT. OF EDUCATION

**विश्वविद्यालय क्याम्पस**
**कीर्तिपुर, काठमाडौं, नेपाल**
**फोन न.:** ४३३१३३७

**UNIVERSITY CAMPUS**
Kirtipur, Kathmandu,
Nepal Tel. No.: 4331337

दर्ता/Ref.

मिति :................
Date :

## सिफारिस पत्र (RECOMMENDATION LETTER)

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय अर्थशास्त्र केन्द्रिय विभाग स्नातकोत्तर तह (एम. एड) चोथौ सेमेस्टरको आंशिक पाठ्यभार पुरा गर्नका लागि **कोभिड-१९ ले शैक्षिक क्षेत्रमा पारेको प्रभाव** शीर्षकमा मेरो सल्लाह सुझाव र निर्देशनमा यस क्याम्पसकी छात्रा लक्ष्मी राईले तयार पार्नु भएको हो । उक्त शोधपत्र स्वीकृतिको लागि सिफारिस गर्दछु ।

.....................................

प्रा.डा. सुर्य बहादुर थापा
शोध निर्देशक
अर्थशास्त्र केन्द्रिय विभाग
किर्तिपुर, काठमाण्डौ

त्रिभुवन विश्वविद्यालय
शिक्षा शास्त्र संकाय
**शिक्षा शास्त्र केन्द्रीय विभाग**
TRIBHUVAN UNIVERSITY
FACULTY OF EDUCATION
CENTRAL DEPT. OF EDUCATION

**विश्वविद्यालय क्याम्पस**
**कीर्तिपुर, काठमाडौं, नेपाल**
**फोन न.: ४३३१३३७**

**UNIVERSITY CAMPUS**
Kirtipur, Kathmandu,
Nepal Tel. No.: 4331337

दर्ता/Ref.

मिति :...............
Date :

## स्वीकृति पत्र (APPROVAL LETTER)

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय अर्थशास्त्र केन्द्रिय विभाग स्नातकोत्तर तह (एम. एड) चोथौ सेमेस्टरको आंशिक पाठ्यभार पुरा गर्नका लागि **"कोभिड-१९ ले शैक्षिक क्षेत्रमा पारेको प्रभाव"** शीर्षकमा यस क्याम्पसकी छात्रा लक्ष्मी राईद्धारा तयार पारिएको शोधपत्र यस मूल्याङ्कन समितिबाट स्नातकोत्तर उपाधिको लागि स्वीकृत गरिएको छ ।

### शोधपत्र मूल्याङ्कन समिति

१. सह प्रा. श्री विष्णु बहादुर लुइटेल (विभागीय प्रमुख) ........................

२. प्रा. नुरजंङ्ग के.सी.(वाह्य परीक्षक) ..........................

३. प्रा. डा. सुर्य बहादुर थापा (आन्तरिक परीक्षक) ...........................

४. उप.प्रा. पद्मा कोईराला (डि.आर.सि.) ...........................

## कृतज्ञता ज्ञापन (ACKNOWLEDGEMENTS)

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय, अर्थशास्त्र केन्द्रिय विभाग, स्नातकोत्तर तह चौथो सेमेस्टरको आँशिक आवश्यकता परिपूर्तिका लागि "कोभिड-१९ ले शैक्षिक क्षेत्रमा पारेको प्रभाव" शीर्षकमा शोधपत्र तयार गरिएको छ । शोधपत्रको लागि शोध प्रस्तावना, स्वीकृत गरि महत्वपुर्ण अवसर प्रदान गर्नु हुने विभागका विभागीय प्रमुख सह प्रा. श्री विष्णु बहादुर लुइटेल ज्यू प्रति हार्दिक कृतज्ञता गर्दछु ।

शोधपत्र तयार गर्ने क्रममा शीर्षक चयनदेखि शोध प्रस्तावना र शोधपत्रको तयारी तथा अन्तिम मूल्यांकन सम्म सरल तरिकाबाट आफ्नो व्यस्त समयको बावजुद पनि निरन्तर महत्वपुर्ण सल्लाह, सुझाव प्रेरण तथा कुशल मार्गदर्शन प्रदान गर्नु हुने अर्थशास्त्र विभागका आदरणीय गुरु प्रा. डा. सुर्य बहादुर थापाज्यु प्रति हृदयदेखि नै आभार प्रकट गर्दछु । त्यसै अर्थशास्त्र केन्द्रिय विभागका श्रद्धेय गुरुहरु प्रा.डा. विनयकुमार कुशियैत, उप.प्रा मिनराज पौडेल र उप.प्रा पद्मा कोइराला लगायत अर्थशास्त्र विभागका सम्पूर्ण गुरु प्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

त्यसै गरि अध्ययनको छनोटमा परेका ईलाम जिल्ला रोङ्ग गाउँपालिका वडा नं ३ र ४ का सम्पुर्ण आमा, बुवा, दाजु भाई, दिदिबहिनीहरुले तथ्याङ्क संकलन गर्न आवश्यक सहयोग गनु भएकोमा विशेष धन्यवाद दिनु चाहान्छु । साथै मलाई मेरो पढाई प्रति सधै सजक र सचेत गराउदैं विश्वविद्यालय तहसम्मको अध्ययन पुरा गर्न तन मन र वचनले सहयोग गर्नुहुने पुजनीय माता नरमाया राई, पिता कृष्ण बहादुर राई, दाजु दिदिहरु लगायत सम्पुर्ण आफन्तजनप्रति आभार व्यक्त गर्दछु । साथै मेरो अध्ययन र शोधपत्र लेखनको क्रममा निरन्तर सहयोग तथा कम्प्युटरमा विशेष सहयोग गर्ने गणेशमान सिंह ठकुरी र भाञ्जि दिक्षा राई लगायत प्रत्यक्ष अप्रत्यक्ष रूपमा निरन्तर सहयोग गर्नुहुने मेरा सम्पूर्ण आत्मीय मित्रहरू प्रति आभार व्यक्त गर्दछु ।

......................

मिति : २०७९/०५/१५

लक्ष्मी राई

रोङ्ग गाउँपालिका-३ ईलाम

# शोधसार (ABSTRACT)

मानव शरिरीक तथा मानशिक रुपमा सञ्चो महसुश नहुनु अथवा अप्ठ्यारो, असहज, थकान महसुश हुनुलाई रोग भनिन्छ । रोग सर्ने र नसर्ने गरि दुई प्रकारको हन्छ । कोभिड-१९ एक प्रकारको सरुवा रोग हो जुन कोरोना भाईरस (SARS-CoV-2) बाट लाग्ने गर्दछ । यसलाई विश्व स्वास्थ्य संगठनले महामारिको रुपमा घोषणा गरेको छ । चिनबाट फैलिएको कोभिड-१९ ले विश्वको आर्थिक, सामाजिक, स्वास्थ्य, शिक्षा लगायत सम्पुर्ण क्षेत्रलाई प्रभावित पारेकोमा यस अध्ययन शैक्षिक क्षेत्रमा पारेको प्रभावसँग सम्बन्धित छ । पाँच अध्यायमा विभाजन गरि प्रस्तुत परिएको यस अध्ययनको पहिलो अध्यायमा अध्ययनको परिचय, दोस्रो अध्यायमा अनुसन्धान सँग सम्बन्धित साहित्यको पुनरावलोकन तेस्रो अध्यायमा अनुसन्धानको विधी, चौँथो अध्यायमा तथ्याङ्कको विश्लेषण र प्रस्तुतिकरण र पाँचौ अध्यायमा निर्ष्कष तथा सुझावहरुलाई प्रस्तुत गरिएको छ । अन्त्यमा सर्न्दभ सूचि र अनुसूचिहरु राखिएको छ । कोभिड-१९ को व्यापकता कस्तो छ ? यसलाई कसरि कम गर्न सकिन्छ ? शैक्षिक क्षेत्रमा यसको प्रभाव कस्तो छ ? महामारि जस्ता समस्याहरु आउँदा शैक्षिक क्षेत्रलाई कसरि जोगाएर सिकाईलाई निरन्तरता दिने ? जस्ता कुरामा यस अध्ययन केन्द्रित छ ।

ईलाम जिल्ला नेपालको सुदुरपुर्वमा पर्ने पहाडकी रानि, चिया उत्पादन र पर्यटकिय जिल्लाका रुपमा परिचित छ । ईलाम जिल्ला रोङ्ग गाउँपालिका वडा नम्बर ३ र ४ मा गरिएको यस अध्ययनको उद्देश्य कोभिड-१९ को व्यापकताको अध्ययन गर्नु र कोभिड-१९ ले शैक्षिक क्षेत्रमा पारेको प्रभावको विश्लेषण गर्नु रहेको छ । यस अध्ययनमा कोभिड-१९ को व्यापकताको लागि उमेर, लैङ्गिक, पेशालाई आधार मानिएको छ भने शैक्षिक प्रभाव त्यसको विश्लेषणका लागि शैक्षिक तह, शैक्षिक संस्था, विद्यालय छोड्ने र वैकल्पिक सिकाई विधिलाई आधार मानिएको छ । यस अध्ययन प्राथमिक र द्धितिय तथ्याङ्कको स्रोतहरुबाट प्राप्त सूचना तथा जानकारिलाई समावेस गरिएको छ । त्यसै गरि यस अध्ययनमा जम्मा २३१ जना जनसंख्याबात ९५ जनालाई उद्देश्यमुलक नमुना छनोट विधिबाट नमुनाका रुपमा छनोट गरि तथ्याङ्क संकलनका साधनको रुपमा प्रश्नावलि र तथ्याङ्क संकलनको तरिकाको रुपमा अर्न्तरवार्तालाई प्रयोग गरिएको छ । प्रस्तुत अध्ययनमा व्याख्यात्मक तथा विश्लेषणात्मक ढाँचामा आधारित र तथ्याङ्कको स्वरुप परिमाणात्मक तथा गुणात्मक दुबै किसिमको भएकोले परिमाणात्मक गुणात्मक दुबै विधिको प्रयोग गरिएको छ ।

अध्ययन क्षेत्रमा कुल जनसंख्याको ३.१८ प्रतिशत व्यक्तिहरुमा कोभिड-१९ को संक्रमित भएको जसमध्ये २.१६ प्रतिशतको मृत्यू भएको पाईयो । उत्तरदाताहरु मध्ये पुरुष ५४.७३ प्रतिशत र महिला ४५.२६ प्रतिशतमा कोभिड - १९ रहेको देखिएको छ। पुरुषको तुलनामा महिलामा कोभिड - १९ को व्यापकता ९.४७ प्रतिशत कम रहेको पाईयो । सबै भन्दा बढि ३१.९६ प्रतिशत कृषि पेशामा आबद्ध व्यक्तिहरुमा कोभिड - १९ को व्यापकता रहेको पाईयो । त्यसैरि सबै भन्दा बढि १९ देखि ४० सम्मको उमेर समुहको रहेका छन्, जसमा ५५.७८ प्रतिशत रहेको पाईएको छ भने सबै भन्दा कम ६१ भन्दा माथिका २.१० प्रतिशत रहेको पाईयो ।

तहगत शैक्षिक अवस्थाको अध्ययन गर्दा सबै भन्दा बढि निम्नमाध्यमिक तहमा २८.४२ प्रतिशत रहेमा छन भने सबै भन्दा कम स्नातकोत्तर तहमा ३.१५ प्रतिशत रहेको पाईयो । विद्यार्थीहरु मध्ये सरकारी विद्यालयमा अध्ययन गर्ने ८३.३३ प्रतिशत र नीजि विद्यालयमा अध्ययन गर्ने १६.६६ प्रतिशत रहेको पाईएको छ । अध्ययन क्षेत्रमा नमुना छनौटमा परेका विद्यार्थीहरु मध्ये २ जना विद्यार्थीहरुले विद्यालय छाडेको पाईयो भने नीजिबाट सरकारी विद्यालयमा जाने विद्यार्थीहरु ३ जना रहेको पाईयो । विद्यार्थी मध्ये कुनै पनि विधीबाट सिकाई क्रियाकलापमा सहभागि नहुने ३८.८८ प्रतिशत रहेको पाईयो त्यसै गरि अनलाईन विधीबाट सहभागि हुने २७.७७ प्रतिशत, रेडियो तथा टेलिभिजन र गाउँ-गाउँमा शिक्षक आएर गरेको शिक्षण क्रियाकलापमा १६.६६ प्रतिशत बराबर रहेको पाईयो । यसरि हेर्दा कुनै पनि विधीबाट सिकाई क्रियाकलापमा सहभागि नहुने विद्यार्थीहरुको संख्या सबै भन्दा बढि रहेको पाईएको छ ।

## बिषयसूचि ( TABLE OF CONTENT)


| | पृष्ठ |
|---|---|
| **प्रतिवद्धतापत्र ( DECLARATION )** | **ii** |
| **सिफारिस पत्र (RECOMMENDATION LETTER)** | **iii** |
| **स्वीकृति पत्र (APPROVAL LETTER)** | **iv** |
| **कृतज्ञता ज्ञापन (ACKNOWLEDGEMENTS)** | **v** |
| **शोधसार (ABSTRACT)** | **vi** |
| **अध्याय एक (CHAPTER ONE)** | |
| १ परिचय (Introduction) | **१-९** |
| १.१ अध्ययनको पृष्ठभूमि (Background of the Study) | १ |
| १.२ समस्याको कथन (Statement of the Problem) | ४ |
| १.३ अध्ययनको उद्धेश्यहरु ( Objectives of the Study) | ५ |
| १.४ अनुसन्धान प्रश्नहरु (Research Questions) | ६ |
| १.५अध्ययनको महत्व (Significance of the Study) | ६ |
| १.६ अध्ययनको सीमाहरु (Limitations of the Study) | ७ |
| १.७ अध्ययनको परिसीमाहरु (Delimitations of the Study) | ७ |
| १.८ मुख्य शब्दावलीको परिभाषा (Definition of Key Terms) | ८ |
| १.९ अध्ययनको संगठन (Organization of the Study) | ९ |
| **अध्याय दुई (CHAPTER TWO)** | |
| **सम्बन्धित साहित्यको पुनरावलोकन (Review of Related Literature)** | **१०-२१** |
| २.१ सैदान्तीक साहित्यको पुनरावलोकन (Review of Theoritical Literature) | १० |

२.२ अनुसनधानत्मक साहित्यको पुनरावलोकन ( Review of Research Literature) १४
२.३ साहित्य पुनरावलोकनको उपदेयता ( Importance of Literature Review ) १९
२.४ अनुसन्धन अन्तर (Reseaech Gap) २०
२.४ अवधारणात्मक ढाँचा (Conceptual Framework) २१

**अध्याय तीन( CHAPTER THREE)**

**३. अनुसन्धान विधी तथा प्रक्रिया ( Research Method and Procedure) २२-२५**
३.१ अनुसन्धान ढाँचा (Research Design) २२
३.२ तथ्याङ्कको स्रोतहरु (Sources of Data) २२
३.२.१ प्राथमिक तथ्याङ्कको स्रोतहरु ( Sources of Primary Data ) २२
३.२.२ द्धितिय तथ्याङ्कका स्रोतहरु (Sources of Sceondary Data) २३
३.३ जनसंख्या र नमुनाको आकार (Population and Sample Size) २३
३.४ अध्ययनको क्षेत्र (Area of The Study) २३
३.५ तथ्याङ्क संकलन प्रक्रिया (Data Collection Procedure) २४
३.६ तथ्याङ्क संकलनका साधनहरु (Tools of Data Collection) २४
३.६.१ प्रश्नावलि (Questionnaire) २४
३.७ तथ्याङक संकलन तरिकाहरु (Techniques of Data Collection) २४
३.७.१ अन्तर्वाता (Interview) २४
३.८ तथ्याङक विश्लेषण प्रक्रिया (Data Analysis Procedure) २४
३.९ नीतिगत प्रावधान (Ethical Consideration) २५

## अध्याय चार (CHAPTER FOUR)

**४. तथ्याङ्कको बिश्लेषण तथा प्रस्तुतिकरण (Analysis and Interpretition of the Data)** **२६-५०**

४.१. अध्ययन क्षेत्रको परिचय (Introduction of Study Area) २६

४.१.१ रोङ्ग गाउँपालिकाको भौगोलिक अवस्था (Geographical Condition of Rong Rural Municepality) २६

४.१.२ रोङ्ग गाउँपालिकाको धरातलीय अवस्था (Terrestrial condition of Rong Rural Municipality) २७

४.१.३ रोङ्ग गाउँपालिकाको जनसाङ्ख्यीक अवस्था (Demographic Condition of Rong Rural Municipality) २७

४.१.४ रोङ्ग गाउँपालिकाको सामाजिक तथा धार्मिक अवस्था (Social and Religious Condition of Rong Rural Municipality ) २८

४.१.५ रोङ्ग गाउँपालिकाको शैक्षिक अवस्था (Educational Condition of Rong Rural Municipality) २९

४.१.६ रोङ्ग गाउँपालिकाको साक्षरताको अवस्था (Literacy Status of Rong Rural Municipality) ३०

४.१.७ रोङ्ग गाउँपालिकाको स्वास्थ्य संस्था र स्वास्थ्य समस्याहरु सम्बन्धि अवस्था (Conditions related to Health Institutions and Health Problems of Rong Rural Municipality) ३१

४.१.८ रोङ्ग गाउँपालिकामा कोभिड-१९ संक्रमित सम्बन्धि विवरण ( Details of those Infected with Covid–19) ३२

४.२ रोगको व्यापकता (Prevalence of Disease) ३५

४.२.१ नमुना छनौटमा परेका व्यक्तिहरुमा कोभिड-१९ को व्यापकता (Prevalence of Covid -19 Among Sampled Individual) ३५

४.२.२ कोभिड-१९ को उमेरगत विवरण (Age wise Details of Covid-19) ३६

४.२.३ कोभिड-१९ को लैङ्गिक विवरण (Gender Details of Covid–19) ३७

४.२.४ कोभिड-१९ को पेशागत विवरण (Occupational Details of Covid–19) ३८

४.३ शैक्षिक अवस्था (Educational Condition ) ३९

४.३.१ उत्तरदाताहरुको शैक्षिक अवस्था (Educational Status of Respondents) ४०

४.३.२ तहगत शैक्षिक अवस्था (Level wise Educational status of Respondents) ४०

४.३.३ बालबालिकाले पढ्ने शैक्षिक संस्था सम्बन्धि विवरण (Details of Educational Institutionals Studying Children) ४२

४.३.४ विद्यालय छाड्ने र विद्यालय परिवर्तन गर्ने सम्बन्धि विवरण (Details Regarding Drop Out and Changing School) ४४

४.३.५ वैकल्पीक विधीबाट शिक्षण सिकाईमा सहभागि हुने विद्यार्थी सम्बन्धि विवरण (Details of Students Participating in Alternative Methods of Learning) ४४

४.३.६ कोभिड-१९ को शैक्षिक प्रभाव (Educational Effect of Covid-19) ४६

४.४ अध्ययनको साराशं (Summary of the Study) ४८

**अध्याय पाँच (CHAPTER FIVE)**

**५. निर्ष्कष र सुझावहरु (Conclusion and Recommendations) ५०-५४**

५.१ निर्ष्कष (Conclusion) ५०

५.२ सुझाबहरु (Recommendations) ५०

५.२.१ नीतिगत सुझाबहरु (Policy Recommendations) ५१

५.२.२ प्रयोगात्मक क्षेत्रसँग सम्बन्धित सुझाबहरु (Practice Related Recommendations) ५२

५.२.३ भावि अध्ययनका लागि सुझाबहरु (Further Study Recommendations) ५३

**सन्दर्भसुचि (Reference )**

**अनुसुची १ (Appendix 1)**

# तालिका सूचि (LIST OF TABLE)


| शिर्षक | पृष्ठ |
|---|---|
| तालिका १ : रोङ्ग गाउँपालिकामा जनसंङ्ख्या वितरणको अवस्था | २८ |
| तालिका २ : पाँच बर्ष र सो भन्दा माथिको शैक्षिक अवस्थाका | २९ |
| तालिका ३ : रोङ्ग गाउँपालिकाको साक्षरताको अवस्था | ३० |
| तालिका ४ : स्वास्थ्य समस्याहरु सम्बन्धि विवरण | ३२ |
| तालिका ५ : कोभिड-१९ सम्बन्धि विवरण | ३३ |
| तालिका ६ : कोभिड-१९ उमेरगत विवरण | ३६ |
| तालिका ७ : कोभिड-१९ को लैङ्गिक विवरण | ३७ |
| तालिका ८ : कोभिड-१९ को पेशागत विवरण | ३९ |
| तालिका ९ : तहगत शैक्षिक अवस्था | ४१ |
| तालिका १० : विद्यार्थीको शैक्षिक संस्था सम्बन्धि विवरण | ४३ |
| तालिका ११ : बैकल्पीक विधीबाट शिक्षण सिकाईमा सहभागि हुने विद्यार्थी सम्बन्धि विवरण | ४५ |

## अध्याय एक (CHAPTER ONE)

# १ परिचय (Introduction)

## १.१ अध्ययनको पृष्ठभूमि (Background of the Study)

मानव विकासको उत्पतिसँगै रोग पनि उत्पति भएको हो । त्यसैले मानव विकासको ईतिहास जति पुरानो छ, रोगको ईतिहास पनि त्यति नै पुरानो छ । सामान्यतयाः मानिस स्वास्थ्य नभएको अवस्था नै रोग हो । मानव शरीरिर तथा मानशिक रुपमा सञ्चो महसुश नहुनु अथवा अप्ठ्यारो, असहज, थकान महसुश हुनुलाई रोग भनिन्छ । अर्को अर्थमा रोग भन्नाले सजिव प्राणिहरुको शारिरीक तथा मानशिक रुपमा देखिने असामान्य अवस्थालाई बुझाउँछ । विभिन्न दृष्य तथा अदृष्य किरा र किटाणुहरुको आक्रमणबाट सजिव बस्तुहरुलाई असर पुग्दछ । रोगलाई एउटा व्यक्तिबाट अर्को व्यक्तिमा सर्ने र नसर्ने गरि दुई भागमा बर्गिकरण गरिन्छ । हावा, पानि, खाना, आपसि सम्पर्क, फोहोरि व्यावहार आदि कारणले एक व्यक्तिलाई लागेको रोग अर्को व्यक्तिलाई सर्छ भने त्यस्ता रोगलाई सरुवा रोग भनिन्छ । सरुवा रोगहरु छिटै फैलिने र कुनै अवस्थामा माहामारिको रुप पनि लिने हुँदा यो बढि खतरनाक हुन्छ । सरुवा रोगहरुमा आउँ, हैजा, झाडापखाला, रुघाखोकि, एच.आई.भि. एड्स, लुतो, वर्डफ्लु (एभियन इन्फ्लुन्जा), डेङ्गु, जापानिज इन्सेफ्लाईटिस, कोरोना भाईरस आदि हुन् । एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्दैन भने त्यस्ता रोगलाई नसर्ने रोग भनिन्छ । यस्ता रोगहरु जीवनशैलि सँग सम्बन्धित हुने भएकाले यस्ता रोगहरुलाई लाइफ स्टाइल डिजिज पनि भन्ने गरिन्छ । नसर्ने रोगहरुमा क्यानसर, दम, मुटु सम्बन्धि रोगहरु आदि पर्दछन ।

कोभिड-१९ नयाँ किसिमको कोरोना भाईरस (SARS-CoV-2 ) बाट लाग्ने रोग हो । यो भाईरस सन् २०१९ डिसेम्बरमा चाईनाको वुहानबाट सुरु भएको नयाँ प्रजातिको संक्रामक भाईरस हो । यो नयाँ भाईरसले श्वासप्रश्वास प्रणालिमा सामान्य देखि जटिल प्रकारका असर पार्दछ । यो कोरोना भाईरसबाट लाग्ने रोगलाई विश्व स्वास्थ्य संगठनले मार्च २०२० मा विश्वव्यापि महामारीको रुपमा घोषणा गरेको थियो । हाल विश्वका सबै मुलुकहरु यसको संक्रमणबाट प्रभावित भएका छन् । नेपाल पनि यसबाट प्रभावित भएकोछ । यस महामारीका कारणले विश्वभरका

स्वास्थ्य प्रणाली, शिक्षा प्रणाली, सामाजिक तथा आथिक क्षेत्रलाई गम्भिर प्रभाव पारेको छ ( स्वास्थ्य तथा जनसंख्या मन्त्रालय,२०७७) ।

कोरोना भाईरस श्वासप्रश्वासको माध्यमबाट एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्ने एक प्रकारको सरुवा रोग हो । यो संक्रमित व्यक्तिले खोक्दा वा हाछ्यूँ गर्दा नाक मुखबाट निस्कने छिट्टाको माध्यमबाट एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्दछ । यो रोग लागेमा १०४ डिग्री फरेनहाईट भन्दा बढि ज्वरो आउनु, सुक्खा खोकि लाग्नु, सास फेर्न गाह्रो हुने जस्ता लक्षणहरु देखा पर्दछ । यस रोगबाट बच्नका लागि विश्व स्वास्थ्य संगठनद्वारा सिफासि गरिएको रोकथामका उपायहरु अपनाउन सकिन्छ । जस्तै : साबुन पानीले नियमित हात धुने, खोक्दा हाछ्युँ गर्दा नाक मुख ढाक्ने, गुणस्तरिय सेनिटाईजर र मास्कको प्रयोग गर्ने, अन्य व्यक्ति र कोरोना संक्रमित व्यक्तिसँग भौतिक दुरि कायम राख्ने, संक्रमणको संका लागेमा स्वास्थ्य जाँच गराई १४ दिन सम्म स्वास्थ्यकर्मीको निगरानिमा क्वारेन्टाईन वा आईसोलेसनमा बस्नु पर्दछ ( https://www.who.int/emergencies/diseases/novel-coronavirus-2019/advice-for-public) ।

सन् २०१९ डिसेम्बर ३१ देखि २०२१ फेब्रेवरि सम्ममा विश्वमा कुल ११,४१,१०,८१६ जना कोरोना भाईरसबाट संक्रमित भएका छन् । यस मध्ये २५,३१,४९२ जना निको भएका छन् । सक्रिय संक्रमितको संख्या २,१९,३४,३६८ जना छन् त्यस्तै गम्भिर अवस्थामा ९०,६७२ जना रहेका छन् ( worldometer 27 feb 2021) । सन् २०२० जनवरि २३ मा नेपालमा कोरोना भाईरस प्रथम पटक देखा परेको थियो । ९ जनवरि २०२० मा चिनको वुहानबाट काठमाण्डौं फर्किएका ३१ बर्षिय एक विद्यार्थीको स्वाब परिक्षण गर्दा कोरोना भाईरस पोजेटिभ देखिएको थियो । फ्रान्सबाट कतार हुदै नेपाल आएकि १९ बर्षिय एक नेपालि छात्रालाई २३ मार्चमा कोरोना पोजेटिभ प्रमाणित भए पश्चात् दोस्रो संक्रमित प्रमाणित भएको थियो । नेपालमा प्रथम पटक लोकल ट्रान्समिसनको रुपमा कैलालि जील्लामा ४ अप्रिलमा प्रमाणित भएको थियो । १४ मे मा २९ बर्षिय एक महिलाले कोरोनाको कारणले ज्यान गुमाउनु परेको थियो, उनि नेपालमा कोरोनाको कारणले ज्यान गुमाउने पहिलो व्यक्ति हुन् । सन् २०२१ फेब्रवरी २७ सम्ममा नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय (MoHP) ले २,७४,०६५ जना कोरोना संक्रमित भएको जनाएको छ भने मृत्यु हुनेको संख्या २,७७३ हुँदा निको हुनेको संख्या २,६०,३२५ जना पुगेको छ । त्यस्तै हाल सक्रिय संक्रमितको संख्या ९६७ रहेको र गम्भिर अवस्थामा कोहि पनि नरहेको तथ्याङ्क सार्वजानिक गरेको छ । सन्

२०२१ फेब्रवरि २७ सम्ममा विश्वको २२१ वटा देशहरुमा  कोरोना संक्रमण फैलिएको छ । जस मध्ये सबै भन्दा बढि संक्रमितहरु भएका १० देशहरुमा अमेरिका, भारत, ब्राजील, रसिया, बेलायत, फ्रान्स, स्पेन, ईटाली, टर्कि र जर्मनी रहेका छन् भने कम संक्रमित देशहरुमा Vanuata, Micronsia, Samoa, Marshall Island, Willis and Futana, SM Zaandam, Western Sahara, Solomon, Island and Anguilla आदि हुन् । नेपाल विश्वको बढि संक्रमित देशहरुबाट ४८ औं स्थानमा रहेको छ,  https://www.worldometers.info/coronavirus/#countries 27 feb 2021) ।

नेपाल एउटा सानो भू-परिवेश्ठित मुलुक हो । जसको उत्तर तर्फ चिन र पुर्व, पश्चिमर दक्षिण तर्फ भारत जस्ता ठूला ठूला देशहरु रहेका छन् । नेपालको कुल क्षेत्रफल १,४७,१८१ वर्ग किलो मिटर अर्थात ५६,८२७ वर्गमाईल रहेको छ (सूचना तथा प्रसारण विभाग,२०६९) । चिन र भारत दुबै नेपालको व्यापारिक मुलुकहरु हन् । भारत सँगको पूर्बि, पश्चिमी र दक्षिणी सिमा खुल्ला सिमानाको रुपमा रहेको छ । दक्षिण एसियाको कम बिकासशिल मुलुकहरु मध्येको एक नेपाल हो । बढ्दो वातावरणिय प्रदुषण छ भने शिक्षा, स्वास्थ्या, सरसफाई जस्ता क्षेत्रको अवस्था कमजोर रहेको छ । त्यस्तै माहामारीको जोखिम कम गर्न र माहामारी सँग लड्ने तयारि नहुनु र भएता पनि कमजोर हुनु जस्ता कारणले कोरोना माहामारिको उच्च जोखिममा नेपाल रहेको छ । WHO ले सुरुमा नेपाललाई कम जोखिमको मुलुकहरुको सूचिमा राखेता पनि पछि तिब्र रुपमा कोरोना भाईरस फैलिएको छ । नेपालमा कोरोना संक्रमणलाई निवारण गर्ने उद्देश्यले वि. स. २०७६ चैत्र ११ गते देखि २०७७ भाद्र ६ गते राति सम्म सरकारले देशव्यापि लकडाउन गरेको थियो ।

कोरोना भाईरस विश्व भरका मानव जातिमा आर्थिक, सामाजिक, साँस्कृतिक, मनोवैज्ञानिक, शैक्षिक आदि हरेक क्षेत्रमा धक्का दिन काफि सक्षम साबित भएको छ । संक्रमण नियन्त्रण गर्नका लागि विश्वका विभिन्न देशहरुले लकडाउन, सोसियल डिस्ट्यान्सिङ, अन्य देशहरु सँगको सिमाना बन्दको घोषणा गरेको थियो । उद्योग, कलकारखाना, यातायात, व्यापार, विद्यालय, विश्वविद्यालय प्रायः सबै  क्षेत्रहरु बन्द हुँदा आम मानिसमा खाद्य पदार्थ लगायतका अत्यावश्यक सामाग्रीको अभाव र कालाबजारी फस्ट्याएको थियो । अधिकांश ठाउँहरुमा सम्पुर्ण आर्थिक तथा सामाजीक जीवन मृतप्रयाः अवस्थामा पुगेको थियो । आर्थिक तथा सामाजिक विकाशको गतिरोधका रुपमा प्रकट भएको यो माहामारिको मार विषेश गरि बृद्ध-बृद्धा, महिला, गरिब, पिछडिएका बर्ग, श्रमिक, साना व्यापारि, बालबालिकाहरुले बेहोर्नु परेको छ । शिक्षा

र स्वास्थ्य जस्ता क्षेत्र मानब र मानब मसंसाधन बिकासको महत्वपुर्ण बाहक हो । तसर्थ सामाजिक प्रभाब भन्नाले स्वास्थ्य तथा शिक्षा क्षेत्रमा पर्ने प्रभाब हो । नेपालमा कोरोना माहामारि नियन्त्रणका लागि गरिएको देशव्यापि लकडाउन र कोरोना भाईरसले शिक्षा क्षेत्रमा ठूलो क्षति पुचाएको छ । देशका लाखौं विद्यालय, कलेज, विश्वविद्यालयमा अध्ययनरत विद्यार्थिहरुको सिकाईमा प्रभाव पारेको छ ।

## १.२ समस्याको कथन (Statement of the Problem)

कोभिड -१९ को बहुआयामिक प्रभावहरु मध्ये सबै भन्दा बढि प्रभावित भएको क्षेत्र भनेको मानिसको स्वास्थ्य र शिक्षा हो । यो समयमा हरेक देशहरुले स्वास्थ्य र शिक्षा क्षेत्रलाई प्रमुख प्राथमिकतामा राख्नु पर्ने आवश्यकता महसुश गरिरहेका छन् । अहिले विश्वका शक्ति सम्पन्न राष्ट्रहरु जो आर्थिक बिकास र शक्ति प्रदर्शनमा प्रतिस्पर्धा गरिरहेका छन् ती राष्ट्रहरुलाई कोरोना भाईरसले चुनौति दिएको छ । विकासको नाममा खोलिएका मेघा औँद्योगिकरण, ठुला-ठुला कन्स्ट्रक्सनका कार्यहरु, आणविक उत्पादन, त्यसको परिक्षण र वितरण अनि प्रयोग आदि कार्य गर्दा वातावरणिय प्रभाव जलवायु परिवर्तन र मानवीय स्वास्थ्य प्रति संबेदनशिल नहुँदा विश्वमा विभिन्न खालका रोग, माहामारि आदि समस्याहरु देखा पर्ने गर्दछ र त्यसले देशको हरेक क्षेत्रलाई प्रभावित पर्दछ । नेपाल एक शिक्षा, स्वास्थ्य, सरसफाईको क्षेत्रमा कमजोर भएको देश हो । नेपालमा कोरोना भाईरसको नियन्त्रणका लागि पूर्व तयारि नहुनु, कोरोना परिक्षणका लागि सामग्री प्रविधि, प्रयोगशालाको उचित व्यावस्था नहुनु, भएका अस्पताल, प्राथमिक स्वास्थ्या केन्द्रहरु सुविधा सम्पन्न नहुनु, स्वास्थ्य जनशक्ति कम हुनु र भएका भौतिक तथा मानब संसाधनलाई उचित तरिकाले प्रयोग गर्न नसक्दा कोरोनाको व्यापकता तिब्र रहेको छ ।

देश विकासको आधार शिक्षालाई मानिन्छ । देशका नागरिकलाई साक्षर बनाउदै देशका विभिन्न क्षेत्रमा आवश्यक पर्ने दक्ष जनशक्ति उत्पादन गरि देशको आर्थिक, सामाजिक, सास्कृतिक, वातावरणिय क्षेत्रको बिकासमा शैक्षिक क्षेत्रको योगदान अतुलनिय रहन्छ । विश्वव्यापि रुपमा फैलिएको कोरोना भाईरसले देशको सबै क्षेत्रलाई प्रभावित पारेको छ । कोरोनाकै कारणले लामो समय सम्म लकडाउनमा बस्नु पर्दा मानिसले आफ्नो दैनिक कार्यहरु सञ्चालन गर्न सकेका छैनन् । लकडाउनको अन्त्य भएता पनि कोरोनाको कहर जीउको त्यूँ नै रहिरहेको छ । मानिसहरु आफ्नो

दैनिक जीवनमा विस्तारै फर्किंदैछन् । कोरोनाले अन्य क्षेत्रलाई जस्तै शैक्षिकलाई पनि बाँकि राखेन । हाम्रो जस्तो विकास उन्मुख राष्ट्र जहाँ आवश्यकता भन्दा कम मात्रामा शैक्षिक लगानी हुन्छ । लगानीको अभावकै कारणले उपयुक्त र आवश्यक शैक्षिक सामग्रीहरु, नयाँ नयाँ शैक्षिक प्रविधिहरुको व्यवस्थापन गर्न सकिएको छैन अर्थात् नेपालको शैक्षिक क्षेत्रमा आवश्यकता भन्दा कम लगानी हुँदा आवश्यक भौतिक तथा मानविय संसाधनको व्यवस्थापन हुन सकेको छैन । अझै पनि परम्परागत शिक्षण विधी र सामग्रीहरुको प्रयोग गर्न बाध्य छन् । भएका वा उपलव्ध साधन स्रोत र प्रविधीको उचित परिचालन र सन्चालन गर्ने जनशक्तिको अभाव छ । जसले गर्दा कोरोना भाईरस जस्ता माहामारिको समस्याहरु आउँदा शैक्षिक क्षेत्र प्रभावित भई विद्यार्थिको ज्ञान शिप सिकाइ विकास, परिक्षा, मुल्याङ्कन, मनोविज्ञानका साथै अन्य विविध पक्षमा समेत प्रभाव पर्न जान्छ । माहामारिको रुपमा फैलिएको कोरोना भाईरसले शैक्षिक क्षेत्रमा कस्तो प्रभाब पारेको छ भन्ने कुराको खोजी गर्नु नै मेरो यस अध्ययनको मुख्य केन्द्र बिन्दु रहेको छ ।

## १.३ अध्ययनको उद्वेश्य ( Objective of the Study )

उद्देश्यले कुनै पनि कार्यलाई नतिजामुखि बनाउँछ । बिना उद्देश्य गरिएको कार्यबाट न त, सहि तरिकाबाट कार्य सञ्चालन गर्न सकिन्छ न त त्यसले सहि नतिजा दिन सक्छ । त्यसैले कुनै पनि बिषय वा शिर्षकमा अध्ययन अनुसन्धान गर्दा निश्चित उद्देश्य निर्धारण गरेर मात्र अध्ययन अनुसन्धान कार्यलाई अघि बढाउनु पर्दछ, जसले अनुसन्धान कार्यलाइ सहि मार्गनिर्देश गर्नुका साथै नतिजामुखि बनाउँछ । त्यसैले यस अध्ययनको सामान्य उद्देश्यमा कोभिड-१९ ले शैक्षिक क्षेत्रमा पारेको प्रभावको पहिचान गर्नु रहेको छ भने विशिष्ट उद्देश्यहरु निम्नानुसार रहेका छन् ।

क) कोभिड-१९ को व्यापकताको अध्ययन गर्नु ।

ख) कोभिड-१९ ले शैक्षिक क्षेत्रमा पारेको प्रभावको विश्लेषण गर्नु ।

## १.४ अनुसन्धान प्रश्न (Research Questions)

यस अध्ययनको अनुसन्धानात्मक प्रश्नहरु निम्नानुसार रहेका छन् ।

क) कोभिडको व्यापकता कस्तो छ ?

ख) कोभिडको व्यापकताले शिक्षण सिकाईका साथै विद्यार्थिको ज्ञान शिप विकासमा कस्ता प्रभाव पारेको छ ?

ग) कोभिडको कारणले लकडाउन हुँदा विद्यार्थीहरुले कुन-कुन वैकल्पिक विधिहरुको प्रयोग गरि शिक्षण सिकाई क्रियाकलाप सहभागि भए या भएनन् ?

## १.५अध्ययनको महत्व (Significance of the Study)

भुसको आगो जसरि विश्व भरि फैलिरहेको कोरोना भाईरसबाट विश्व जगत आक्रान्त भएको छ । चीनको हुवाई प्रान्तको वुहानबाट सुरुवात भएको कोरोना भाईरसको संक्रमणबाट संयुक्त राज्य अमेरिका सबै भन्दा बढि प्रभावित भएको छ ( worldometr, 2021) । कोभिड-१९को संक्रमण व्यापक रुपमा फैलिएको छ । नेपालमा कोभिड १९ को नियन्त्रण गर्नका लागि बि.स. २०७६ चैत्र ११ गते देखि २०७७ भाद्र ६ गते सम्म देशव्यापि लकडाउन हुँदा देशको हरेक क्षेत्र प्रभाबित भएको छ । लकडाउन अन्त्य भएता पनि कोरोनाको कहर जस्ताको त्यस्तै छ । रोग फैलिने क्रम र मानिसको मृत्यु हुने क्रम त्यतिकै भईरहेको छ । कोभिडको कारणले विद्यालय, विश्वविद्यालय, विभिन्न शैक्षिक संस्थाहरु ठप्प हुँदा देशको सम्पुर्ण  शैक्षिक क्षेत्रले ठुलो क्षति बेर्होर्नु परेको छ । कोरोना भाईरसले शैक्षिक क्षेत्रमा कस्तो प्रभाब पारेको छ भन्ने उद्देश्यले गरिने यो अध्ययनले सम्पुर्ण नेपाल भरका शैक्षिक अवस्थालाई प्रकास पार्न नसके पनि ईलाम जिल्ला रोङ्ग गाउँपालिका वडा नम्बर ३ र ४ भित्र कोरोनाको व्यापकता र यसले त्यहाँको शैक्षिक क्षेत्रमा पारेको प्रभाबको बारेमा जानकारि दिईएको छ । यस अध्ययनको अन्य महत्वहरुलाई निम्नानुसार उल्लेख गरिएको छ ।

1. यस अध्ययनले कोरोना भाईरसको व्यापकता कस्तो छ भन्ने कुराको जानकारि दिईएको छ ।
2. यस अध्ययनले कोरोनाको व्यापकताले शैक्षिक क्षेत्रमा कस्तो प्रभाव पारेको छ ? त्यसको अध्ययन गर्न सहयोगि बन्न सक्छ ।
3. राज्यले कोरोना भाईरसको व्यापकताको समयमा गरेको शैक्षिक योजना, कार्यक्रम तथा लगानीको प्रभावकारिता पत्ता लगाउन सहयोग गर्न सक्नेछ ।
4. यस अध्ययनले सरकारलाई देशको सामाजिक पुर्बाधारहरु स्वास्थ्य र शिक्षा जो संबेदनशिल क्षेत्रहरुमा लगानी बढाई सुबिधा सम्पन्न र प्रविधियुक्त बनाउन मदत गर्नेछ ।

5. स्वास्थ्य तथा शिक्षा क्षेत्रको बिकासका निम्ती निर्माण गरिने नीति तथा कार्यक्रमहरु निर्माणकर्ताहरुलाई यस अध्ययनले मदत गर्नेछ ।

## १.६ अध्ययनको सीमा (Limitation of the Study)

अनुसन्धानकर्ताले गर्न नसकेका वा अनुसन्धानकताको नियन्त्रण भन्दा बाहिर रहेको अवस्था वा परिस्थिती जसले अनुसन्धानको नतिजालाई प्रभाव पार्दछ, त्यसलाई अनुसन्धानको सीमा भनिन्छ । यस अध्ययनमा अनुसन्धानकर्ताको समय, श्रम, आर्थिक अवस्था र परिस्थितीको कारण सम्पूर्ण पक्षलाई समेट्न नसक्ने भएकाले यस अध्ययनमा प्रयोग गरिने तथ्याङ्क संकलनका साधनहरुलाई पूर्व परिक्षण र प्रमाणिकरण गरिएको छैन ।

## १.७ अध्ययनको परिसीमा (Delimitation of the Study)

अनुसन्धानको परिसीमा भन्नाले अध्ययनले समेट्ने परिधि र क्षेत्र भन्ने बुझाउँछ । यस अध्ययनले तोकिएको शिर्षकको सम्पुर्ण परिधि र क्षेत्रलाई अध्ययन गर्न नसक्ने हुँदा निश्चित क्षेत्रलाई अध्ययनका लागि छनोट गरि शुक्ष्म रुपमा अध्ययन गरिएको छ । यस अध्ययनलाई निम्न परिसीमा भित्र रहि अध्ययन गरिएको छ ।

1. यस अध्ययन ईलाम जील्लाको रोङ्ग गाउँपालिका अन्तर्गत ६ वटा वडाहरु मध्ये वडा नम्बर ३ र ४ मा मात्र सिमित गरिएको छ ।
2. यस अध्ययनमा भौतिक तथा सामाजिक पूर्बाधार बिकास, मनोविज्ञान आदि कोरोना भाईरसको प्रभावित क्षेत्रहरु मध्ये रोङ्ग गाउँपालिका वडा न. ३ र ४ मा शैक्षिक प्रभावको मात्र अध्ययन गरिएको छ ।
3. यस अध्ययनमा २०७६ चैत्र देखि २०७८ असोज सम्मको कोभिड-१९ को व्यापकता र शैक्षिक प्रभावको मात्र अध्ययन गरिएको छ ।
4. यस अध्ययनको पृष्ठभूमिमा विश्वको र नेपालको अक्टोबर २०२१ अर्थात् २०७८ असोज सम्मको तथ्याङ्कहरु नभेटिएकाले केहि पुराना तथ्याङ्कहरु राखिएको छ ।
5. यस अध्ययनमा मुख्य प्राथमिक र सहायकका रुपमा द्वितिय तथ्याङ्कहरुमा सिमीत रहेको छ ।

6. यस अध्ययनमा तथ्याङ्क संकलनको साधनको रुपमा प्रश्नावली र तरिकाको रुपमा अन्तरवार्ता रहेको छ ।
7. यस अध्ययनका क्रममा तथ्याङ्क संकलनमा अध्ययनकर्ताको प्रत्यक्ष संलग्न (स्थलगत अवलोकन) भएको र द्वितिय तथ्याङ्कहरु पुर्णरुपमा आधिकारिक रहेको छ ।

## १.८ मुख्य शब्दावलीको परिभाषा (Definition of Key Terms)

यस अध्ययनको क्रममा प्रयोग भएका मुख्य शब्दावली र तिनको परिभाषाहरु निम्नानुसार रहेका छन् ।

कोभिड १९ /कोरोना भाईरस : आनुबंशिक संरचना आर.एन.ए.(R.N.A) भएको भाईरसहरुको समुह वा एक प्रकारको सरुवा रोग ।

जनसङ्ख्या : अनुसन्धानको लागी छनोट गरिएको सम्पुर्ण मानिसहरुको समुह ।

नमुना : ठूलो जनसङ्ख्याबाट केहि एकाइहरु छनोट गरिएको मानिसहरुको समुह ।

अन्तर्वार्ता : दुई वा दुई भन्दा बढि व्यक्तिहरु बिच आमने सामने बसेर गरिने कुराकानी ।

प्रत्यक्ष अवलोकन : अनुसन्धानकर्ता आफै अध्ययनको क्षेत्रमा गई गरिने अवलोकन ।

जीउँको त्यूँ : जस्ताको त्यस्तै

## १.९ अध्ययनको संगठन (Organization of the Study)

यस अध्ययनलाई पाँच अध्यायमा संगठन गरिएको छ । अध्याय एकमा परिचय खण्ड रहेको छ । यस अन्तर्गत अध्ययनको पृष्ठभूमि, समस्याको कथान, अध्ययनको महत्व, अध्ययनको उद्देश्य, अनुसन्धान प्रश्न, अध्ययनको सीमा, परिसीमा, मुख्य शब्दावलीको परिभाषा र अध्ययनको संगठन राखिएको छ । दोस्रो अध्यायमा अनुसन्धानसँग सम्बन्धित साहित्यको पुनरावलोकन रहको छ ।

यस अर्न्तगत सैद्धान्तिक साहित्यको पुनरावलोकन, अनुसन्धानात्मक साहित्यको पुनरावलोकन, साहित्यको उपदेयता, अवधारणात्मक ढाँचा समावेश गरिएको छ । यस्तै अध्याय तीनमा अनुसन्धानको विधी, र प्रक्रियाहरु उल्लेख गरीने छ जस अर्न्तगत अनुसन्धान ढाँचा, तथ्याङ्कको स्रोत, जनसंख्या र नमुनाको छनोट रणनीति, अध्ययन क्षेत्र, तथ्याङ्क सङ्कलनका साधनहरु, तथ्याङ्क सङ्कलन प्रक्रिया, तथ्याङ्कको विश्लेषण प्रक्रिया र नीतिगत प्रावधानहरु राखिएको छ । अध्याय चारमा अध्ययन क्षेत्रको परिचय, तथ्याङ्क व्याख्याको, विश्लेषण, प्रस्तुतीकरण र अध्ययनको सारशं राखिएको छ । अन्त्यमा अध्याय पाँचमा अध्ययनको निर्ष्कष तथा सुझावहरुलाई राखिएको छ ।

ंअध्याय दुई (CHAPTER TWO)

## २. सम्बन्धित साहित्यको पुनरावलोकन (Review of Related Literature)

धबयस अध्यायनमा अनुसन्धान शिर्षक संग सम्बन्धित विभिन्न जर्नल, लेख रचना,पत्रपत्रिका लगायत प्रकासित अप्रकासित अनलाइन साहित्यका पुनरावलोकन गरिएको छ । यस सन्दर्भमा साहित्यको पुनरावलोकन र सैदान्तीक ढांचा शिर्षिक अन्तर्गत सैदान्तिक साहित्यको पुनरावलोकन, अनुसन्धान साहित्यको पुनरावलोकन र अवधारणात्मक ढांचालाई क्रमश प्रस्तुत गरिएको छ ।

## २.१ सैदान्तीक साहित्यको पुनरावलोकन (Review of Theoritical Literature)

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय (२०७७), का अनुसार हाल विश्वभरी फैलिएको नयाँ कोरोना भाइरसको संक्रमणवाट लागेको रोगलाई विश्व स्वास्थ्य संगठनले कोभिड १९ को नाम दिएको र यसलाई विश्वव्यापी महामारीको रुपमा घोषणा पनि गरिसकेको छ । यो श्वासप्रश्वासको माध्यमबाट सर्ने एक प्रकारको सरुवा रोग हो । यो संक्रमित व्यक्तिले खोक्दा वा हाछ्युँ गर्दा नाक मुखबाट निष्कने छिट्टाको माध्यामबाट एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्दछ । यस भाइरसले सामान्य रुघाखोकी देखि गम्भीर प्रकारको तीब्र प्रकारको श्वासप्रश्वास (Severe Acute Respiratory Syndrome (SARS) सम्म गराउन सक्छ । १०४ डिग्रि फरेनहाईट भन्दा बढि ज्वरो आउनु, सुख्खा खोकि लाग्नु र सास फेर्न गाह्रो हुने जस्ता लक्षणहरु देखा पर्ने यस रोगबाट बँच्नका लागी WHO द्वारा सिफारीस गरिएको रोकथामका उपायहरु अपनाउन सकिन्छ । साबुन पानीले नियामित हात धुने, खोक्दा हाछ्युँ गर्दा नाक मुख ढाक्ने, गुणस्तरीय सेनिटाजर र माक्सको प्रयोग गर्ने अन्य व्यक्ति र संक्रमित व्यक्ति सँग भौतिक दुरी कायम राख्ने, संक्रमणको संका लागेमा स्वास्थ्य जाँच गराई १४ दिन सम्म स्वास्थ्यकर्मीको निगरानी वा सेल्फ-आईसोलेसनमा बस्नु पर्दछ । सबै उमेर समुहका मानिसलाई कोरोना भाइरसले आंक्रमण गर्न सक्छ तर ज्येष्ठ नागरीक र पहिल्यै देखिनै दम, मधुमेह, मुटुको रोग जस्ता स्वास्थ्य समस्या भएका व्यक्तिहरुलाई भने यो भाइरसले गम्भीर विरामी बनाउने जोखिम रहन्छ । यो कोरोना भाइरस मानव शरीरमा लामो समय सम्म बाँच्न सक्ने भाईरस हो ।

युनिसेफ नेपाल (२०२०), का अनुसार Covid-19 को रोकथाम तथा सामना गर्नका लागी व्यापक रुपमा विद्यालयहरु बन्द गरिएका कारण वालवालिकाको शिक्षाका साथै समग्र हितमा अभुतपुर्व

जोखीम सिर्जना भएको छ । एक अर्ब तीस करोड विद्यार्थी प्रभावित हुने गरि संसार भर नै विद्यालयहरु बन्द रहेको अवस्थामा विशेष गरि सीमान्कृत वालवालिकाको शिक्षा, स्वास्थ्य, सुरुक्षा पोषणमा यसले ठुलो असर पारेको देखीएको छ। विद्यालय जानवाट वञ्चित बालवालिकाका लागी बढ्दो असमानता, कमजोर स्वास्थ्य अवस्था, हिंसा बाल श्रम तथा बाल विवाह आदि लगायत दिर्घकालीन जोखिमहरु रहने गर्दछन् । त्यस्तै जति धैरै समय बालबालिका विद्यालय जादैनन् उनीहरु  फेरी विद्यालय फर्कने सम्भावना त्यति नै कंम हुदै जान्छ। सुरक्षित समय आउन साथ विद्यालय संञ्चालन गर्न नसकेको खण्डमा ठुलो क्षति हुने सम्भावना रहेको UNICEF को कार्यकारी निर्देशक हेन्रिएटा फोरले बताउनु भएको छ । विद्यालय बन्द भएका कारण रोगको संक्रमणमा कस्तो प्रभाव पार्छ भन्ने बारे पर्याप्त प्रमाणहरु नभएता पनि बन्द विद्यालयका कारण बालबालिकाको सुरक्षा र सिकाईमा भने ठुलो प्रभाव पर्ने प्रमाण रहेको कुरा उल्लेख छ। स्वास्थ्य सम्बन्धी आपतकालिन परिस्थितीमा विद्यालय वन्द गर्ने र पुन सुचान गर्ने नीति, सीमान्तकृत तथा विद्यालयको पहुच भन्दा बाहिर रहेका बालबालिकालाई समान पहुँच बढाउन आवश्यक सुधार र दुर-शिक्षाका अभ्यासलाई सुद्धढिकरण तथा स्तरिकरण गर्ने लगायत नितिगत व्यवस्था गरिनु पर्छ । शिक्षामा कोभिड-१९ ले पारेको प्रभावको संम्बोधन गर्ने र पुनरुत्थान तथा उत्थानशिलताका लागी शिक्षा क्षेत्रमा लगानीलाई सुदृढिकरण गर्नु पर्नेछ । छुटेका सिकाइहरु प्राप्त गर्नका लागी विषेश अभ्यासहरु, सिकाई विधिको सुदृढिकरण र दूर शिक्षा जस्ता विधिको प्रयोग द्धारा शिक्षा प्रणालीको विकासमा ध्यान दिन आवश्यक छ ।

शिक्षा तथा विज्ञान प्रविधि मन्त्रालय (२०७७), का अनुसार कोभिड -१९ रोगको कारण अवरुद्ध रहेको विद्यालयको नियमित पठन पाठन सुचारु गर्न शैक्षिक सत्रको अवधीलाई मध्यनजर गरि राष्ट्रिय पाठ्यक्रम प्रारुपले निर्धारण गरेको सिकाई उपलब्धिहरु हाँसिल गर्न र विद्यालय उमेर समुहका बालबालिकालाई आफ्नो परिवेश अनुकुल सिक्ने शिक्षा लगायतका प्रणलीलाई निरन्तर, प्रभावकारी र व्यवस्थीत तरिकावाट संञ्चान गर्न पर्ने देखिएको छ । यसका लागी स्थानीय तह तथा विद्यालयले स्रोत साधनको पहुँचको अवस्थाका आधारमा विद्यार्थी पहिचान गरी समुहगत सिकाई कार्यक्रम संञ्चालन गर्नु पर्ने देखिन्छ। यसका लागी विद्यार्थीलाई पाँच समुहमा वर्गीकरण गरिएको छ ।

१) सवै किसिमको प्रविधिको पहुँच भन्दा बाहिर रहेका विद्यार्थीको समुह २) रेडियो, एफ,एम रेडियो मा पहुँच भएका विद्यार्थीको समुह, ३) टेलिभिजनमा पहुँच भएका विद्यार्थी समुह ४) कम्प्युटर भएको तर अनलाइन र कनेक्टिभिटी नभएको विद्यार्थीको समुह र ५) ईन्टरनेट तथा सूचना प्रविधिका साधनमा पहुँच भएका विद्यार्थी समूह । यसरी विद्यार्थीलाई वर्गिकरण गरि समुहगत सिकाई कार्यक्रम प्रक्रिया सञ्चालन गर्नु पर्दछ । विद्यार्थीको सिकाई प्रभावित भएको अवस्थामा सिकाईलाई निरन्तरता दिनका लागी निधारित कार्यक्रमहरु सञ्चालनका लागी अनलाईन विद्युतीय सामाग्रीहरु इ-पुस्तकालय आदि उपलबध गराइएको र गराउनु पर्ने कुरा उल्लेख छ ।

पोखरेल, क्षेत्रि,(२०७७) का अनुसार, Covid-19 को माहामारीले मानव इतिहासमा र शैक्षिक ईतिहासकै ठुलो क्षति गराएको छ । जसबाट लगभग २०० भन्दा बढि देशहरुका १.६ विलियन सिकारुहरु प्रभावित भएका छन् । विद्याय, विश्व विद्यालय शैक्षिक संस्था र अन्य विभिन्न ज्ञानसिपको बिकास गर्ने सिकाई केन्द्रहरु बन्द हुँदा विश्वको झण्डै ९४ प्रतिशत विद्यार्थीहरु प्रभावित भएका छन् । बन्दाबन्दीका कारण सबै मानिसहरु घर भित्रै पिंजडामा सुगालाई थुनेर राखे जसरी कोभिड-१९ ले राखेको छ । व्यक्ति-व्यक्तिबिच सामाजिक दुरी बढाउनु पर्ने अवस्था छ । यसले मानिसको जीवन जटिल बनाउदै लगेको तथ्य प्रष्ट छ । यहि कोभिड-१९ को व्यापकतालाई कंम गर्नका लागी शैक्षिक संस्थाहरु बन्द हुँदा शैक्षिक क्षेत्र प्रभावित भएका छन् । विद्यालय विद्यार्थीको सिकाई केन्द्र हो । हाल यस केन्द्रहरुमा भौतिक उपस्थीतिमा शिक्षण र सिकाई कार्य संञ्चालन गर्न असम्भव प्राय भएको छ । विद्यालय पुन संञ्चालन गर्न सक्ने सम्भावना पनि कम छ किनकि महामारी अनत्य हुने सम्भावा कम रहेको कुरा विश्वस्वास्थ्य संगठन (WHO) ले बताएको छ । यस्तो अवस्थामा एकातिर महामारीसँग लड्दै-भिड्दै पुनःशैक्षिक संस्थाहरु संञ्चालन गर्दा विद्यार्थी शिक्षक र समाजमा कोभिड-१९ फैलिन सक्छ भक्ने र अर्को तिर संञ्चान नगर्दा विद्यार्थीको सिकाईमा नकारात्मक असर पर्नका साथै शैक्षिक सत्र नै त्यतिकै खेर जाने देखिन्छ । यसरी कोभिड-१९ ले शिक्षामा ठुलो चुनौती उत्पन्न गराएको छ । विभिन्न स्कुल, कलेज, विश्वविद्यालयले परम्परागत शिक्षण विधीको (भौतिक उपस्थिति) सट्टामा वैकल्पिक विधिहरु अपनाएर २०२० (२०७६/७७) शैक्षिक शत्रलाई खेर जान नदिन शिक्षण विद्यार्थीको सिकाई र मुल्याङकनलाई निरन्तरता दिएको छ । शिक्षण र मूल्याङ्कन प्रक्रियामा नयाँ प्रविधि र रणनीतिको

प्रयोग गर्नु अति नै आवश्यक छ र शिक्षामा यसको प्रयोग गर्नका लागी कोभिड-१९ ले अवसर पनि प्रदान गरेको छ । यसले नेपालको शैक्षिक जगतमा प्रविधिको प्रयोग गर्न कति आवश्यक रहेछ भन्ने कुरालाई प्रष्ट पारेको छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय (२०७७), को अनुसार, कोभिड-१९ संक्रमणको रोकथाम तथा नियन्त्रण गर्न र यसबाट पर्ने प्रभावहरुलाई न्यूनिकरण गर्न सुरु देखि नै विश्वका सबै मुलुकहरु प्रयत्नरत छन् । नेपालमा पनि यसको रोकथाम तथा नियन्त्रण गर्न नेपाल सरकारले सुरु देखि नै अथह प्रयास गर्दै जनस्वास्थ्यका मापदण्डहरुको निर्धारण, पालना, आवश्यक सामग्रीको आपूर्ति र वितरण कोभिड-१९ संक्रमित व्यक्तिहरुको उपचार र व्यवस्थापन लगायत सरकारले आईसोलेसन, क्वारेन्टिन, परिक्षण, सम्पर्क व्यक्तिहरुको खोजि आदि कार्य गरिरहेको छ । यो रोगको रोकथाम तथा नियन्त्रणका लागि खोप एक प्रभावकारि माध्यम भएको कारण नेपाल सरकारले रोगको जोखिममा रहेका व्यक्ति तथा समुदायलाई प्राथमिकता निर्धारण गरि चरणबद्ध रुपमा खोप दिने घोषणा गरेको छ । कोभिड-१९ को खोप पर्याप्त मात्रामा उत्पादन र उपलब्ध भई नसकेको हुँदा खोपको उपलब्धताका आधारमा उच्च जोखिममा रहेको व्यक्ति र समुदायलाई प्राथमिकताको आधारमा चरणबद्ध रुपमा निःशुल्क खोप प्रदान गरिने रणनीति लिएको र भारतको सेमर ईन्सिच्युटबाट उत्पादित कोभिसिल्ड नामक खोप आकस्मिक प्रयोगका लागि अनुमति दिईसकेको कुरा उल्लेख गरिएको छ ।

शिक्षा तथा विज्ञान प्रविधि मन्त्रालय (२०७७), का अनुसार विश्वव्यापि रुपमा फैलिएको कोभिड-१९ को संक्रमण रोकथाम र नियन्त्रण गर्नका लागी सरकारले मिति २०७६/१२/११ गते देखि लागु गरेको बन्दाबन्दी (लकडाउन) गरिएको समयमा कतिपय विद्यालयहरु क्वारेन्टाइन तथा आइसोलेशन सेन्टरको रुपमा प्रयोग गरिए कोभिड-१९ को कारणले बन्द भएका विद्यालयका शिक्षण सिकाई तथा परिक्षा र मुल्याङ्कन सम्बन्धी क्रियापलापहरुलाई सहजीकरण गर्ने तथा व्यवस्तित तुल्याउने अभिप्रायले नेपाल सरकारको मिति २०७७/०६/२२ को निर्णयवाट कोभिड-१९ को जोखिम नभएका र कंम हुदै जाने स्थानीय तहमा आलोपालो सिष्ट लगायतका उपयुक्त मोडालिटी अपनाई विद्यालयमा पठन पठन सञ्चालन गर्न गराउन शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयलाई स्वीकृति प्राप्त भएको छ । यसका लागी सबै विद्यालय सञ्चालन गर्दा जनस्वास्थ्य एवम सुरक्षा सम्बन्धी मापदण्डहरु पुर्ण रुपमा पालना गर्नु पर्ने छ । कोभिड-१९ को संक्रमणको

अवस्थालाई स्थानीय र विद्यालय तहमा समीक्षा गरी विद्यालयलाई भयरहित एवम सुरक्षित तवरमा संञ्चालनमा ल्याई बालबालिकाको शिक्षण सिकाई र परिक्षा तथा मुल्याङकन सम्बन्धी प्रक्रियालाई सहज र निरन्तर बनाउने तथा जोखिमको अवस्थादेखी आवश्यकता अनुसार विद्यालयहरु पुनः खास अवधिका लागि बन्द गर्नु पर्ने अवस्था आएमा बन्द गर्ने र अवस्था सहज  बखत पुनः संञ्चमलन  गर्नका लागी प्रदेश र स्थानीय तहबाट प्राप्त भएका सुझावहरु साथै विद्यालय शिक्षाका सरोकारवालहरुसँग पटक-पटक परामर्श समेत शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले गरेको छ ।

## २.२ अनुसन्धानत्मक साहित्यको पुनरावलोकन ( Review of Research Literature)

Dawadi, Giri, Simkhada, (2021) ले गरेको एक अध्ययन अनुसार कोरोना भाइरसको व्यापकताले गर्दा विद्यार्थीको ज्ञान सिकाई सिप विकासमा प्रभाव पारेको छ । त्यस्तै अर्धवार्षिक, वार्षिक परिक्षा/मुल्याङकनमा पनि प्रभाव पारेको छ। डिजिटल शिक्षाले शिक्षाको पहुँचमा असमानता पैदा गराएको छ । त्यस्तै विद्यालय छोड्नेदर बढाएको छ । विद्यालय भनेको ज्ञान सिप अवधारणाको विकास गर्ने एक मुख्य थलो हो। प्राथामिक तह देखि उच्चशिक्षा सम्म पुग्दा विद्यार्थीहरुले विभिन्न किसिमका ज्ञान सिपहरुको विकास गर्दछन् जुन उनीहरुको जीवनमा अत्यावश्यक हुने गर्दछ। यस अध्ययन अनुसार कोभिड-१९को कारण विद्यालय, विश्व विद्यालयको आन्तरिक तथा बाह्य परिक्षाहरु, (आन्तरिक तथा वार्षिक बोर्ड परिक्षाहरु) रद्ध भए जसको तालिका समेत सार्बजानिक भईसकेका थिए। यसरि निर्धारित र गर्नै पर्ने परिक्षाहरु रद्ध हुँदा विद्यार्थीको ज्ञान सिपको विकास भए या भएन भन्ने कुराको मुल्याङ्कन हुन सकेन। त्यस्तै गरि त्यसै पनि नेपाल प्रविधिको क्षेत्रमा पछाडि परेको देश हो । त्यसमा पनि नेपालीको आर्थिक अवस्था कमजोर हुँदा  प्रविधिमा सबैको पहुँच पुग्न सक्दैन र भएकालाई पनि निरन्तर रुपमा प्रयोग गर्न सक्दैन ।  कोरोना भाइरसले शिक्षामा प्रविधीको प्रयोग गर्ने अवसर प्रदान गर्नुका साथै कोरोना भाइरस डिजिटल शिक्षामा असमानता सिर्जना गराएको छ। नेपालमा कोरोना को कारणले विद्यालय छाड्नेदर पनि बढाउने छ । विशेष गरि दुई कारणले विद्यालय छाड्ने दर पनि बढाउने छ ।  पहिलोः न्युन आय स्तर भएको विद्यार्थीका अभिभावकले कोभिड-१९ कारणले आफ्नो जागिर गुमाउने छन् र तिनको परिवारमा आर्थिक समस्या पर्छ । अर्को नेपालको अर्थतन्त्र विप्रेषणमा आधारित छ । कोरोनाकै

कारणले विद्यार्थीका विदेश गएका अभिभावकले रोजगार गुमाउने छ र त्यसले पनि विद्यार्थीको परिवारमा आर्थिक संकट पर्छ । यी दुई कारणले गर्दा विद्यार्थीको अभिभावकले आफ्ना छोराछोरी शिक्षामा लाग्ने शुल्क तिर्ने असक्षम हुन्छ जस्ले गर्दा विद्यालय छाड्नेदर वढाउँनेछ ।

BBC NEWS (2020), का अनुसार कोरोना भाइरसको महामारीका कारण विद्यालयहरु बन्द भएता पनि विद्यार्थीहरु घरमै बसेर पढिरहेको अनुमान गरिएको छ तर धेरै जसो छोरीहरु पढाईको अवसरबाट बञ्चित हुने देखाएको छ । Room to Read नामक एक संस्थाले आफ्नो सम्पर्कमा रहेको विद्यालय जाने उमेरसमुहका करिब चार हजार बालिका बिच कोभिड-१९ ले उनीहरुले पढाईमा पारेको प्रभावबारे गरेको एउटा सर्वेत्तण अनुसार लकडाउन सुरु भएयता २० जना भन्दा बढिले विवाह गरिसकेको देखाएको थियो । कोही आफै त कोही परिवारको दबाबको कारणले विवाह गरिएको छ । यसका कारण उनीहरु विद्यालय फर्कने संभावना कम रहेको छ । त्यस्तै यहि महामारीकै कारणले बालिका शिक्षा ४०-५० वर्ष पछाडि धकेलिने खतरा पनि औल्याएको छ । रोजगार गुमाएका परिवारमा कामको बोझले पढाई अवरुद्ध भएका बालिकामा आफ्ना साथि भाईसँग प्रतिस्पर्धा गर्न नसकिएला भन्ने सोचले गर्दा आफैले पढाई छोड्ने सम्मको अवस्था आउन सक्छ । शिक्षण सिकाइलाई निरन्तरता दिन वैकल्पिक शिक्षण विधि अपनाएता पनि कति बालिकाहरु सहभागी भए र कति छुटेका छन् भन्ने कुराको कुनै लेखाजोखा नहुँदा छुटेका बालिकाहरुबारे खासै चर्चा छैन । त्यसैले सरकार, विद्यालय, स्थानीय निकाय, विद्यालय व्यवस्थापन समिति, शिक्षक, अभिभावकहरुले बालिकाहरुले पढाईमा निरन्तर उत्पेरणा दिनु पर्ने देखिन्छ ।

खनाल (२०७७), का अनुसार विश्वव्यापी रुपमा फैलिएको कोभिड-१९ ले नेपालको शैक्षिक क्षेत्रमा सकारात्मक प्रभाव पारेको छ । साथै यस अवस्थामा विद्यार्थीको सिकाई क्रियाकलापमा अभिभावकको पनि ठुलो भुमिका रहेको छ । समय परिवेश अनुसार आफुलाई अद्यावधिक गरि शिक्षण सिकाई वैकल्पिक विधि र प्रविधिहरुको खोजी गर्न परम्परागत सिकाई प्रणालीलाई निरुत्साहित गर्दै आधुनिक प्रविधिबाट सिक्न र सिकाउन शिक्षामा गरिदै आएको राष्ट्रिय लगानी र प्राथामिकताको क्षेत्रहरुमा पुन विचार गर्नु, पहुँच र पर्याप्तताकमा आधारमा रेडियो, स्थानिय एफ.एम रेडियो, टेलिभिजन र इन्टरनेट मार्फत अनलाइन कक्षा, अफलाइन कक्षा र भर्चुअल कक्षा जस्ता वैकल्पिक सिकाइका माध्यमका लागी वातावरण तयार गर्न, विद्यार्थिमा स्वअध्ययन गर्ने बानिको बिकास, मनोरञ्जन र समय बिताउनका लागी मात्र प्रयोग गरिने विद्युतिय उपकरणहरु

(T.V, Radio,Mobile etc.) लाई ज्ञान शिप आर्जन गर्न तथा सिर्जनात्मक कार्यमा प्रयोग गर्न कोरोना भाइरसले सिकाएको पाठ हो जुन यसको सकारात्मक प्रभाव हो । साथै शिक्षण सिकाइका लागी अत्याधुनिक सुविधा सम्पन्न भौतिक पुर्वाधारहरु मात्र पर्याप्त होइन रहेछ, यसको अभावमा पनि शिक्षक र विद्यार्थी मिलेमा जोखिम व्यवस्थापनका लागी प्रविधिको कौसलतापुर्ण उपयोग गर्न सकिन्छ भन्ने सन्देश पनि कोभिड-१९ ले दिएको छ । बालबालिकाको प्रथम पाठशाला घर र प्रथम गुरु उसका अभिभावहरु हुन् । बालबालिकाको सिकाइमा उसका अभिभावक र घरायसी वातावरणको प्रभाव ठुलो रहन्छ । आफ्ना बालबालिकाको लागी उपयुक्त सिकाई वातावरण सिर्जना गर्ने, उनीहरुको सिकाई प्रति चासो राख्ने, सकारात्मक पृष्ठपोषण दिने र जीवन उपयोगी ज्ञान सिप, अनुशासन, नैतिक संस्कार, आदि प्रदान गर्न अभिभावकहरुको भुमिका ठुलो रहन्छ र यो अवसर कोरोनाको कारण विद्यालय बन्द हुँदा प्राप्त भएको छ ।

मोक्तान (२०२१) का अनुसार बन्दाबन्दि सुरु भएको तीन महिनासम्म पनि सरकारले वैकल्पिक कक्षा सञ्चालनको कुनै योजना तथा खाका ल्याउन सकेन जसले गर्दा प्राय जसो सबै सरकारि विद्यालयहरु बन्द नै रह्यो भने नीजि विद्यालयहरुले अनलाईन कक्षा सञ्चालन गरेर सिकाइ प्रणालीलाई निरन्तरता दिएको कुरा उल्लेख छ । सरकारले विभिन्न समयमा सिकाइ प्रणालीलाई निरन्तरता दिन वैकल्पिक विधिहरु सञ्चालन गर्नका लागि विभिन्न निर्देशिका, कार्ययोजना, कार्यढाँचा आदि मार्फत विद्यालयलाई सिकाइ क्रियाकलाप सञ्चालन गर्न निर्देशन दिए पछि केहि सरकारि विद्यालयहरुमा वैकल्पिक तरिकाबाट पठनपाठन भएता पनि अधिकाँश विद्यालयहरुले भने आवश्यक पुर्बाधार एवम् जनशक्ति तत्काल व्यवस्थापन गर्न नसक्दा पठनपाठन सञ्चालन गर्न सकेन । त्यसै गरि कतिपय स्थानीय तहहरुले जोखिम कम भएका ठाउँमा विद्यालय प्रशासन, विद्यार्थी, अभिभावकहरुको सल्लाह र सहमतिमा स्वास्थ्यका मापदण्ड पूरा गरेर विद्यालय खोल्ने तयारि थाल्दा कतिपय जिल्लाप्रशासन कार्यलयले संक्रमण कायमै रहेकाले विद्यालय खोल्ने रोक लगाएका थिए । कोभिड-१९ले विद्यार्थीहरुलाई अनलाईन शिक्षामा पहुँच हुने र नहुँने गरि दुई बर्गमा विभाजन गराएको छ । त्यसै गरि अनलाईन शिक्षामा छात्र भन्दा छात्राको उपस्थिती कम, वैकल्पिक शिक्षणका लागि भौतिक पुर्बाधार र प्राविधिक सिपसहितको जनशक्तिको व्यवस्थापन, दुर शिक्षा मार्फत सञ्चालन भएको कक्षामा सबै विद्यार्थीलाई सहभागि गराउन र त्यसको प्रभावकारिता बढाउन शिक्षक र व्यवस्थापकहरु क्रियाशिल नरहेको, अधिकांश विद्यालय भवनहरु

क्वारेन्टिनको लागि प्रयोग भएकाले विद्यालय सञ्चालन गर्दा समुदायमा कोभिड संक्रमण हुने डरले विद्यार्थी, शिक्षक र स्थानीय त्रास रहेका कुरा उल्लेख छ। कोभिड-१९ ले विद्यालयहरु बन्द भएको राम्रो पक्ष भनेको होम स्कुलिङ अर्थात् विद्यार्थीले घरैमा बसेर पढ्न सकिने, घरायसि काम सिक्ने, जीवनोपयोगि शिक्षा सिक्ने पद्धतिको विकास गराएको छ साथै परम्परागत शिक्षण प्रणलिलाई विस्थापित गर्दै नयाँ शिक्षण प्रणलिलाई अवलम्बन गर्न आवश्यक रहेको तर्फ निर्देशित गरेको छ।

एनसिई नेपाल (२०७८), ले कोभिड महामारिले नेपालका सार्बजानिक विद्यालय र लाखौं बालबालिकाहरुको सिकाइ निरन्तरतामा के कस्तो असर पारेको छ, सरकारले सञ्चालन गरेको सिकाइ निरन्तरताका वैकल्पिक उपायहरुको प्रभावकारिता कस्तो छ, स्थानीय सरकारले के कस्तो पहल गरेका छन्, शिक्षक, अभिभावक तथा नागरिक समाजको पहल र सक्रियता के कस्तो रहेको छ ? भन्ने जस्ता तथ्य उजागर गर्न र नागरिक समाजको तर्फबाट सुझाब तथा सिफारिसहरु सरकारलाई प्रस्तुत गर्ने उद्देश्यले एनसिई नेपालले गरेको यस अनुसन्धानले वैकल्पिक सिकाइका अवसरबाट बालबालिका बञ्चितिकरण, अनलाईन सिकाइले सिर्जना गरेको प्रविधि विभेद, सिकाइ निरन्तरतामा शिक्षक, समुदायको नेतृत्व र पहल कदमि तथा सिकाइ प्रक्रियामा अभिभावकहरुको सचेतना र सहभागिता जस्ता विभिन्न तथ्यलाई प्रस्तुत गरेको छ । करिब ६६ प्रतिशत बालबालिकाहरु सिकाइको कुनै पनि वैकल्पिक माध्यमको पहुँचमा आउन नसकेको, ६४ प्रतिशत बालबालिकाहरु गुणस्तरिय सिकाइबाट बञ्चित रहेको, बालबालिकाको सिकाइ निरन्तरता र सुश्चिततताका निमित्त स्थानिय सरकार र नागरिक समाज संगठन बिच समन्वयको कमि, ५५ प्रतिशत शिक्षकले वैकल्पिक शिक्ष्ँणका लागि तालिम प्राप्त गरेको, अभिभावक शिक्षाको कमि रहेकाले २५ प्रतिशत अभिभावकले कहिल्यै पनि आफ्नो बालबालिकाको सिकाइमा सहयोग पुचाउन नसकेको र ९४ प्रशित अभिभावकले महामारिको समयमा अभिभावकिय शिक्षाको कुनै पनि रुप प्राप्त नगरेको कुरा देखाएको छ।

शाही (२०२०), का अनुसार कोभिड-१९ ले शिक्षामा सकारात्मक र नकारात्मक प्रभाव पारेको कुरा उल्लेख गरेको छ। करिव १ अर्ब ३० करोड विद्यार्थी प्रभावित हुने गरी विश्वभरका विद्यालय बन्द भएकाले अनपेक्षित ढङ्गले शैक्षिक क्षति हुदैछ जसको प्रत्यक्ष प्रभाव विद्यालयको शिक्षण सिकाइमा परेको छ । नेपालमा मात्र सामुदायिक र संस्थागत गरी कुल ८१,२७,२६३ विद्यार्थी

प्रभावित हुने गरी विद्यालय बन्द हुँदा शैक्षिक क्यालेण्डर नै प्रभावित हुन गई १५ औँ योजनाको लक्ष्य, दिर्घकालीन सोच र दिगो विकास लक्ष्यमा चित्रण गरिएको शिक्षाको गन्तव्य समेत प्रभावित हुने देखिन्छ। करिव ४ लाख ८९ हजार माध्यामिक शिक्षा परिक्षा SEE को पुर्ण तयारी जुठेका विद्यार्थी परिक्षा दिने अवसरबाट वञ्चित भएका छन् । बालबालिकको सिकाई प्रभावित हुनुका साथै विशेष गरि सीमान्तकृत बालबालिकाको शिक्षा स्वास्थ्य, सुरक्षा, पोषणमा समेत नकारात्मक असर परेको छ । बढ्दो शैक्षिक असमानता, कमजोर स्वास्थ्य अवस्था हिंसां बालश्रम तथा बालबिवाह जस्ता जोखिमहरु बढ्ने सम्भावना छ । बालबालिकाले विद्यालयबाट अहिले सम्म हाँसिल गरेको सिकाई उपलब्धिहरु गुम्ने र पुनः त्यहि अवस्थामा पुग्न निकै मेहनत गर्नु पर्ने देखिन्छ। कोरोना भाइरसको नकारात्मक मात्र नभएर सकारात्मक प्रभाव पनि छ। शिक्षा क्षेत्रको प्राथामिकता, मेडियम अफ कन्सट्रक्सन, मेडियम अफ डेलिभरी सिस्टम, विद्यालय शिक्षामा रिफ्रेमिङ्ग र रिस्ट्रकचरिङ्गको लागी सुवर्ण अवसर प्राप्त भएको छ। जसको वैज्ञानीक व्यावस्थापन मार्फत शैक्षिक जगतको प्याराडाईज्मि सिफ्ट हुने देखिन्छ। सिक्ने र सिकाउने (विद्यार्थी र शिक्षक) दुबै पक्षलाई शिक्षण सिकाइका सवालमा प्रविधिमैत्री बन्नका लागी प्रेरित गरेको छ । सिकाई सहजीकरण, सियरिङ्ग र क्षमता विकासको पर्याप्त अवसर प्राप्त भएको छ । सिकारुका लागी विद्यालय भित्र औपचारीक पढाई मात्र पर्याप्त होईन हाम्रा घर, टोल र समाजलाई समेत ज्ञान आर्जनका थलोका रुपमा विकास गर्दै सिकाई गर्नु पर्ने मान्यताले स्थान पाएको छ साथै अभिभावक र विद्यार्थिका विचमा दोहोरो जवाफदेहिता पनि अभिवृद्धि भएको छ।

धामी (२०७७), का अनुसार कोभिडको कारणले शिक्षासँग सम्बन्धित योजनाहरु पुर्ण रुपमा कार्यन्वयन हुन नपाई बिचैमा टुङ्गिएका छन्। यसले गर्दा शिक्षा क्षेत्रमा राज्यले गरेको लगानि खेर जानुका साथै तय खरिएको लक्ष्य तथा उद्देश्यहरु पुरा नहुने देखिन्छ। लामो समय सम्म विद्यालय सन्चालन नहुँदा विद्यालयको पठनपाठन नराम्ररी प्रभावित भएको छ। शैक्षिक सत्र सुरुवात हुन सकिरहेको छैन । यसले गर्दा विद्यार्थीको सिकाईमा प्रभाव परेको छ। शैक्षिक क्यालेन्डर, वार्षिक कार्य तालिका र सिकाई योजनाको निर्माण । कार्यन्वयनमा अन्योलता सिर्जना भएको छ । विद्यालयहरुलाई क्वारेन्टाइन बनाएर खालि भइसकेता पनि पुर्णरुपमा सरसफाई नगरिएकाले विद्यार्थीको मनोविज्ञानमा समेत नराम्रो प्रभाव परेको छ।

भट्ट (२०७८) का अनुसार कोभिड-१९ ले बालबालिकाको बाँच्न पाउने अधिकारमा नै अघात पारेको छ । जस्तोसुकै परिस्थितीमा पनि बालबालिकाको संरक्षण, खानपान, शिक्षा, स्वास्थ्य सरसफाई लगायतको अधिकारहरु सुरक्षित हुनुपर्छ तर महामारीको समयमा यसको प्रबन्ध राज्यले मिलाउन सकेको छैन । कोभिडले बालबालिकाको स्वास्थ्य, सिकाई र मनोसामाजिक अवस्थालाई असर पारेको छ । विद्यालय छोड्नेदर प्राथमिक तहमा ६.० प्रतिशत, निम्नमाध्यमिक तहमा ६.४ प्रतिशत र माध्यमिक तहमा ८.७ प्रतिशत रहेको छ । कोभिडको कारणले विद्यालय, क्याम्पसहरु लामो समयसम्म बन्द भई खुले पनि कहाँ कति बेला संक्रमणमा परिने हो भन्ने डरले भयरहित वातावरणमा शिक्षा आर्जन गर्न पाएका छैनन् भने निशेधाज्ञाको समयमा केहि विद्यालयले अनलाईन कक्षा चलाए पनि भौतिक कक्षा जस्तो प्रभावकारि पढाई हुन सकेन । महामारीले विद्यालय क्याम्पसका विभिन्न तहको परिक्षा तथा भर्नाहरुलाई प्रभावित बनाएको, अनलाईन कक्षाको बाहानामा बालबालिकाले मोबाईल, ल्यापटपबाट गेम खेल्ने, अनावश्यक वेबसाईटहरु हेर्ने जस्ता कार्य गर्ने गरेको कुरा उल्लेख गरिएको छ ।

## २.३ साहित्य पुनरावलोकनको उपदेयता ( Importance of Literature Review )

हरेक क्षेत्रको विकासको आधार शिक्षा हो । शिक्षाको विकाश विना कुनै देशको क्षेत्रको पनि विकास असम्भव प्रायः छ । हरेक क्षेत्रका लागी दक्ष र सिपयुक्त क्षमतावान जनशक्तिको विकास गरि देशको तिव्र विकासमा शिक्षा क्षेत्रको योगदान अनुलनिय रहन्छ । विश्वव्यापी स्वास्थ्य समस्याको रुपमा देखा परेको कोरोना भाइरसले गर्दा थलिएको सबै क्षेत्रको बिकासलाई गति दिनका लागि उपयुक्त नीति तथा कार्यक्रमको आवश्यकता पर्दछ । कोरोनाकै कारणले थलिएको शिक्षा क्षेत्रलाई गति दिनका लागी आर्थिक वर्ष २०७७/७८ को बजेटले कोभिड-१९ को कारणले विद्यार्थीको पठनपाठनमा पर्न गएको प्रभावलाई ध्यानमा राखी रेडियो, टेलिभिजन, अनलाइन तथा अफलाइनको माध्यामबाट सिकाई सहजीकारणका लागी सामाग्री उत्पादन तथा प्रशारण गर्ने व्यवस्था गरेको छ । यसको लागी तीन करोड रकम विनियोजन गरेको छ । त्यस्तै आ.व २०७७/७८ को बजेटले कोभिड-१९ को रोकथाम नियन्त्रण र उपचार एवम् भविष्यमा आउन सक्ने विभिन्न महामारीलाई मध्यनजर गरी स्वास्थ्य प्रणालीलाई सवल र सुदृढ तुल्याउन आवश्यक जनशक्तिको व्यवस्थापन गर्दै स्वास्थ्य क्षेत्रको पुर्वाधार विकास तथा सेवा विस्तारमा जोड दिनेछ ।

विपन र त्यसवाट सिर्जित स्वास्थ्य समस्या लाई सम्वोधन गर्न आवश्यक औषधी तथा उपकरणको लागी स्रोत व्यवस्था गर्ने कुरा उल्लेख छ ।


कोरोना भाइरस विश्व भरि नै तिव्र रुपमा फैलिएको छ । यसले नेपाल लगायत सबै देशको सवै क्षेत्रलाई प्रभावित गरेको छ । विषेश गरी यसले नेपालको स्वास्थ्य र शिक्षा क्षेत्रलाई प्रभावित गरेको पाईएको छ । कोरोनाले मानिसलाई शारीरिक तथा मानसिक रुपमा त्रासित बनाएको छ भने विद्यालय तथा शैक्षिक संस्थाहरु बन्द हुँदा देशको शैक्षिक क्षेत्रले ठुलो क्षति वेहोर्नु परेको छ । कोरोना भाइरसले शिक्षा क्षेत्रमा असमानता, विज्ञान र प्रविधिको पर्याापत पहुँच र उपलब्धता नहुँदा शिक्षामा असमानता सिर्जना गरेको, विद्यार्थीको सिप विकासमा असर पारेको पाइयो साथै उपलब्ध स्रोत र साधनलाई प्रयोग गर्न नसकेको तथा दक्ष जनशक्तिको अभाव रहेको पाइएको छ । यिनै कुराहरुलाई मध्यनजर गर्दै ईलाम जिल्लाको रोङ्ग गाउँपालिका वडा नं.३ र ४ मा कोरोना भाइरसको व्यापकता र यसले शैक्षिक क्षेत्रमा पारेको प्रभाव पत्ता लगाइ सुझावहरु प्रस्तुत गरिएको छ ।

## २.४ अनुसन्धानको अन्तर (Research Gap)

विभिन्न साहित्यको पुनरावलोकन गर्दा धेरै जसो साहित्यहरु कोभिड-१९ कसरी नियन्त्रण गर्ने, कसरी यसबाट बच्ने, यसले मानविय स्वास्थ्यमा के कस्तो असर पारेको छ ? कोभिडको समयमा कसरी विद्यार्थीको सिकाइलाई अघि बढाउने, परिक्षा र मुल्याङ्कनलाई कसरी अघि बढाउने जस्ता कुरामा केन्द्रित रहेको पाईयो । कोभिडको समयमा विद्यार्थीहरुले आफ्ना सिकाइलाई के कसरी अघि बढाए ? के कस्ता वैकल्पिक विधिहरु अपनाए या अपनाएनन् ? कोभिडको व्यापकताले विद्यार्थीहरुको ज्ञान, सिप, क्षमता अभिबृत्तिमा के कस्ता प्रभाव पारेको छ ? भन्ने कुराको अध्ययन अनुसन्धान आवश्यक देखिन्छ । अथवा कोभिडले शैक्षिक क्षेत्रमा पारेको प्रभावको अध्ययन अनुसन्धान आवश्यक देखिन्छ । तसर्थ “कोभिड-१९ ले शैक्षिक क्षेत्रमा पारेको प्रभाव” भन्ने शिर्षकमा अध्ययन गर्ने प्रयास गरिएको छ ।

## २.५ अवधारणात्मक ढाँचा (Conceptual Framework)

यस अध्ययनमा कोरोना भाइरसले शैक्षिक क्षेत्रमा पारेको प्रभाव निम्न ढाँचामा प्रस्तुत गरिएको छ ।



## अध्याय तीन( CHAPTER THREE)

## ३. अनुसन्धान विधी तथा प्रक्रिया ( Research Method And Procedure )

कुनै पनि शिर्षकको अध्ययनमा निर्धारित उद्धेश्य प्राप्तिका लागि आवश्यक विधी र प्रक्रियाको प्रयोग गर्नु पर्दछ । यस अध्यायमा अनुसन्धानका उद्देश्यहरु प्राप्त गर्नका लागि अपनाईने विधि र प्रक्रियाको व्याख्या गरिएको छ । यसमा अध्ययनको ढाँचा, तथ्याङ्कको स्रोत, जनसंख्या, नमुनाको आकार, अध्ययन क्षेत्र, छनोट गर्नुको कारण, तथ्याङ्क संकलनका साधनहरु, तरिका, तथ्याङ्कको बिश्लेषण र प्रस्तुतीकरण प्रक्रिया र नीतिगत प्रक्रिया जस्ता विषयहरु उल्लेख गरिएको छ ।

### ३.१ अनुसन्धान ढाँचा (Resarch Design)

यस अध्ययन व्याख्यात्मक र बिश्लेषणात्मक ( Discriptive and analytical ) ढाँचामा आधारित रहेको छ । कोरोना भाईरसको व्यापकपता र कोरोना भाईरसले मानिसको शैक्षिक क्षेत्रमा पारेको प्रभाव बुझ्न आश्यक पर्ने प्राथमिक तथा द्धितिय तथ्याङ्क सङ्कलन गर्ने साधनको रुपमा प्रश्नावली र अन्तर्वार्ता विधिको प्रयोग गरिएको छ र प्राप्त तथ्याङ्कको व्याख्या तथा बिश्लेषण गरिएको छ ।

### ३.२ तथ्याङ्कको स्रोतहरु (Sources of Data)

यस अध्ययनमा मुख्य रुपमा प्राथमिक स्रोतबाट तथ्याङ्क संकलन गरिएको छ र अध्ययनलाई पूर्णाता दिन द्धितिय स्रोतको तथ्याङ्कहरु समेत प्रयोग गरिएको छ ।

### ३.२.१ प्राथमिक तथ्याङ्कको स्रोतहरु ( Sources of Primary Data )

प्राथमिक तथ्याङ्कको स्रोतहरु ईलाम जील्लाको रोङ्ग गाउपालिका वडा नं ३ र ४ का नमुना छनोटमा परेका व्यक्तिहरु रहेका छन् । अध्ययन क्षेत्रमा कोरोना भाईरसको व्यापकता र यसले शैक्षिक क्षेत्रमा पारेको प्रभाव पत्ता लगाई सुझाबहरु समेत प्रस्तुत गरिएको छ ।

### ३.२.२ द्धितिय तथ्याङ्कका स्रोतहरु (Sources of Sceondary Data)

यस अध्ययनकार्य सम्पन्न पार्नका लागि प्राथमिकका साथै द्धितिय तथ्याङ्कका स्रोतहरु पनि लिइएको छ । यस अन्तर्गत UNICEF, विश्व स्वास्थ्य संगठन, नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रायलय, विद्यार्थी  शिकाइ सहजीकरण(२०७७), रोङ्ग गाउँपालिकामा प्राप्त तथ्याङ्क आदिका साथै अनुसन्धानत्मक स्रोतहरुलाई लिइएको छ ।

## ३.३ जनसंख्या र नमुनाको आकार (Population  and Sample Size)

अनुसन्धानकर्ताको रुचिअनुसारका एकै किसिमका गुण वा विषेशता भएका व्यक्तिहरुको समूहलाई जनसंख्या भनिन्छ भने जनसंख्याबाट झिकिएको एक सानो समूह, जसले सम्पूर्ण जनसंख्याको प्रतिनिधित्व गर्दछ त्यसलाई अनुसन्धानको नमुना भनिन्छ । अनुसन्धानकर्ताले सम्पूर्ण जनसंख्याको अध्ययन र विश्लेषण गर्न असमर्थ हुने भएकाले आफ्नो अध्ययन कार्यका लागि सम्भव हुन सक्ने गरि जनसंख्याबाटै प्रतिनिधिमूलक नमुना छनोट गरिन्छ । यस अध्ययनमा ईलाम जिल्लाको रोङ्ग गाउँपालिका अन्तर्गत पर्ने ६ ओटा वडाहरु मध्ये वडा नम्बर ३ र ४ वडाहरुमा कुल २३१ जना कोरोनाबाट बि.स २०७८/असोज महिना सम्म सक्रमित भएको पाईयो । यो २३१ जना यस अध्ययनको जनसंख्या रहने छ भने यस जनसंख्याको ४१ प्रतिशत (९५ जना) लाई उदेश्य मुलक नमुना छनोट विधिबाट नमुनाको रुपमा लिईएको छ । यस विधिबाट नमुना छनोट गर्दा बिशेष गरि शिक्षक, विद्यार्थीहरु र तिनका अभिभावकहरुलाई छनोट गरिएको छ ।

## ३.४ अध्ययनको क्षेत्र (Area of the Study)

अनुसन्धानकर्ताले आफ्नो अध्ययनको उद्देश्य पुरा गर्न अध्ययनको क्षेत्र पुर्ब निर्धारण गर्नु पर्छ । यस अन्तर्गत अनुसन्धानकर्ताको रुचि र सहजताको आधारमा ईलाम जिल्लाको रोङ्ग गाउँपालिका अन्तर्गत पर्ने ६ ओटा वडाहरु मध्ये वडा नम्बर ३ र ४ मा अध्ययन गरिएको छ । यि दुई वडाहरुमा जम्मा २३१ जना कोरोनाबाट अध्ययनको समयावधिको अन्त्य सम्म संक्रमित भएका छन्, जुन तथ्याङ्क अन्य वडाहरुको भन्दा बढि र यस क्षेत्रमा शिक्षा क्षेत्रसँग संम्बन्धित व्यक्तिहरु बढि भएका कारण यो क्षेत्र अध्ययनका लागि उपयुक्त रहको छ ।

## ३.५ तथ्याङ्क संकलन प्रक्रिया (Data Collection Procedure)

यस अध्ययनको उद्देश्य पूरा गर्नका लागि अनुसन्धानकर्ता आफै अध्ययन क्षेत्रमा गई नमुना छनोटमा परेका व्यक्तिहरु सँग अन्तर्वार्ताको माध्यमबाट प्रश्नावलि भरि तथ्याङ्क संकलन गरिएको छ ।

## ३.६ तथ्याङ्क संकलनका साधनहरु (Tools of Data Collection)

यस अध्ययनमा निम्न तथ्याङ्क संकलनका साधनहरु प्रयोग गरिएको छ ।

### ३.६.१ प्रश्नावलि (Questionnaire)

यस अनुसन्धानमा तथ्याङ्क संकलनका लागि मिश्रित प्रश्नावलि निर्माण गरि नमुना छनोटमा परेका व्यक्तिहरुलाई अनुसन्धानकर्ताले उक्त प्रश्नावलिहरु प्रत्यक्ष रुपमा सोधेर उत्तर भरिएकोछ ।

## ३.७ तथ्याङ्क संकलन तरिकाहरु (Techniques of Data Collection)

यस अध्ययनमा आवश्यक प्राथमिक तथ्याङक संकलन गर्नका लागी निम्न तरिका अपनाईएकोछ ।

### ३.७.१ अन्तर्वार्ता (Interview)

अध्ययनको उद्देश्य पुरा गर्न आवश्यक तथ्याङ्क संकलनका लागि अध्ययन क्षेत्रमा अनुसन्धानकर्ता आफै गई नमुना छनोटमा परेका व्यक्तिहरुसँग प्रत्यक्ष व्यक्तिगत अन्तर्वार्ता गरिएको छ । अन्तर्वार्ताका लागी आवश्यक प्रश्नहरुको निर्माण गरिएको र उक्त प्रश्न मुख्य प्रश्नहरु मात्र राखेर अन्य परिस्थितिजन्य प्रश्नहरु पनि अन्तर्वार्ताको क्रममा सोधिएको थियो ।

## ३.८ तथ्याङक विश्लेषण प्रक्रिया (Data Analysis Procedure)

यस अध्ययनबाट संख्यात्मक र गुणात्मक दुवै किसिमका तथ्याङ्कहरु प्राप्त गरिएको छ र उक्त तथ्याङ्कहरुलाई विभिन्न प्रतिशत, तालिका, स्तम्भ चित्र, वृतचित्र विधिको प्रयोग गरि देखाईएको छ भने गुणात्मक तथ्याङ्कलाई विभिन्न शिर्षकहरुमा बिभाजन गरि सरल र स्पष्ट भाषामा सु-व्यवस्थित तरिकाले प्रस्तुत गरिएको छ ।

## ३.९ नीतिगत प्रावधान (Ethical Consideration)

अनुसन्धान कार्यमा उत्तरदाता र अनुसन्धानकर्ता बिच निश्चित मुल्य र नीतिगत पक्षलाई ध्यान दिई अनुसन्धान कार्य गनुपर्ने हुन्छ । यस अध्ययनका क्रममा अनुसन्धानकर्ताले सम्बन्धित सुचनादाताहरु सँग अनुमति लिईएर विश्वास कायम गराई प्राप्त सुचनालाई गोप्य राखी अध्ययन कार्य अगाडि बढाईएको छ ।

## अध्याय चार (CHAPTER FOUR)

## ४. तथ्याङ्कको व्याख्या र बिश्लेषण (Interpretation and Analysis of the Data

कुनै पनि अध्ययन अनुसन्धानलाई सार्थक र उद्देश्यमुलक बनाउनका लागि संकलित तथ्याङ्कलाई सहि रुपमा व्याख्या र बिश्लेषण गर्नुपर्दछ, जसले अध्ययनलाई मुर्त रुप प्रदान गर्दछ। अध्ययनको महत्वपुर्ण पाटो भनेको प्राप्त तथ्याङ्कको व्याख्या र बिश्लेषण गर्नु हो। अनुसन्धानको क्रममा संकलन गरिएको तथ्याङ्कलाई सहि र स्पष्ट रुपमा प्रस्तुत गर्न सकेको खण्डमा मात्र अनुसन्धानलाई वैधानिक रुप प्रदान गर्न सकिन्छ। अनुसन्धान कुनै पनि बिषयमा केन्द्रित रहेर गरिने एउटा गहन बिषय हो जसबाट प्राप्त हुने तथ्याङ्कलाई सार्थक बनाउन सकिन्छ। यस अनुसन्धानमा अन्तर्वाता सूचि अनुसार प्राप्त तथ्याङ्कलाई उद्देश्यका आधारमा मुख्य शिर्षक र उपशिर्षकमा बिभाजन गरि विभिन्न तालिका, बृत्तचित्र, स्तम्भचित्र आदिमा प्रस्तुत गरि व्याख्या र बिश्लेषण गरिएको छ।

## ४.१ अध्ययन क्षेत्रको परिचय (Introduction of the Study Area)

अध्ययनको मुख्य उद्देश्य पुरा गर्नका लागि प्रारम्भमा अध्ययन क्षेत्रको रुपमा ईलाम जिल्ला रोङ्ग गाउँपालिकाको समग्र परिचयलाई विभिन्न शिर्षकमा तल प्रस्तुत गरिएको छ।

### ४.१.१ रोङ्ग गाउँपालिकाको भौगोलिक अवस्था (Geographical Condition of Rong Rural Municepality)

नेपालको सुदुरपूर्व ईलाम जिल्लाको पूर्विभागमा अवस्थित रोङ्ग गाउँपालिका चुरिया तथा मध्यपहाडी महाभारत क्षेत्रमा अवस्थित छ। रोङ्ग गाउँपालिका साविकको कोल्बुङ, इरौंटार, जिर्मले र शान्तिपुर गरि ४ ओटा गाउँविकास समितिहरुका ३६ ओटा वडालाई पुर्नसंरचना गरिएको छ। यो गाउँपालिका २६ डिग्री ४४ मिनेट ४२ सेकेण्ड देखि २६ डिग्री ५१ मिनेट ५४ सेकेण्ड उत्तरि अंक्षास सम्म र ८७ डिग्री ५७ मिनेट ५४ सेकेण्ड देखि ८८ डिग्री ११ मिनेट ११ सेकेण्ड पूर्वि देशान्तर सम्म फैलिएको छ। कुल क्षेत्रफल १५५.०६ वर्गकिलोमिटर रहेको छ। यस गाउँपालिकाको पूर्वमा भारत, पश्चिम र उत्तरमा सूर्यदय नगरपालिका र दक्षिणमा झापा जिल्ला पर्दछ।

### ४.१.२ रोङ्ग गाउँपालिकाको धरातलीय अवस्था (Terrestrial condition of Rong Rural Municipality)

रोङ्ग गाउँपालिका दक्षिणमा तराई अर्थात् झापा जिल्लासँग जोडिएको तथा यहाँ उत्तरमा महाभारत पहाडसम्म फैलिएकोले यहाँको भौगोलिक स्वरुपमा विविधता पाईन्छ । यहाँ उत्पन्न भएका खोला तथा खोल्सिहरु क्रमशः उत्तरबाट दक्षिणतर्फ विभिन्न जलधारमार्फत मेचिनदि, बिरिङ, हँडिया हुदै कन्काई नदिमा मिसिन्छ । यस गाउँपालिकाको केहि क्षेत्र चुरे भूभागमा समेत पर्दछ । यस गाउँपालिकाको भौगोलिक अवस्थिति अनुसार क्रमशः दक्षिण तथा पुर्वि मोहडा क्षेत्रबाट उत्तरतर्फ भिरालोपना बड्दै गएको छ । यस गाउँपालिकाको न्यूनतम उचाई २७५ मिटर मेचिखोला पूर्विसिमाना र अधिकतम उचाई १८३९ मिटर हाँसपोखरी उत्तरसिमाना सम्म रहेको छ ।

### ४.१.३ रोङ्ग गाउँपालिकाको जनसाङ्ख्यीक अवस्था (Demographic Condition of Rong Rural Municipality )

रोङ्ग गाउँपालिकाको जम्मा ६ ओटा वडाहरुमा जनसंङ्ख्याको अवस्थालाई तालिका १ मा देखाईएको छ ।

**तालिका १**

**रोङ्ग गाउँपालिकामा जनसंङ्ख्या वितरणको अवस्था**

| वडा नं. | घरधुरि संख्या | षुरुष | महिला | तेस्रो लिङ्गी | जम्मा | जनघनत्व |
|---|---|---|---|---|---|---|
| १ | ५२१ | १२५० | १२०४ | ० | २४५४ | ९०.४९ |
| २ | ६५४ | १६१३ | १४३७ | ० | ३०५० | १४८.८ |
| ३ | ७९६ | १९०८ | १७०३ | ० | ३६११ | १६४.१ |
| ४ | ५१२ | १२२५ | १२२४ | ० | २४४९ | ८६.६६ |
| ५ | ६७२ | १६५० | १५४४ | ० | ३१९४ | १६५.४ |
| ६ | ११०१ | २७१८ | २५३८ | ० | ५२५६ | १३८.९ |
| जम्मा | ४२५६ | १०३६४ | ९६५० | ० | २००१४ | १२९.१ |

स्रोतः रोङ्ग गाउँपालिकाको वस्तुगत विवरण, २०७५

तलिका १ मा गाउँपालिकाको ६ ओटा वडामा जम्मा ४२५६ घरधुरि रहेको छ। कुल जनसंङ्ख्या २००१४ रहेकोमा पुरुष १०३६४ र महिला ९६५० रहेको छ। यहाँ महिलाको तुलनामा षुरुषको जनसंङ्ख्या ७१४ ले बढि रहेको छ। यस गाउँपालिकाको कुल जनसंङ्ख्या मध्ये कोहि पनि तेस्रो लिङ्गी रहेको पाईएन। त्यसै गरि यस गाउँपालिकाको औसत जनधनत्व १२९.१ रहेको छ ।

## ४.१.४ रोङ्ग गाउँपालिकाको सामाजिक तथा धार्मिक अवस्था (Social and Religious Condition of Rong Rural Municipality )

विभिन्न धर्मसम्प्रदायमा आस्था एवंम् विश्वास प्रकट गर्ने भिन्न भिन्न जातजातीको बसोबास रहेको यस गाउँपालिका क्षेत्र सास्कृतिक रुपले विविधतायुक्त छ। ब्राम्ह्ण, क्षेत्रि, राई, लिम्बु, तामाङ्ग, गुरुङ्ग, दलित समुदायको मिश्रित बसोबास रहेको यस गाउँपालिकामा जातिय मौलिक परम्परा अनुसारको संस्कृति अपनाउने गरेको छ। पूर्वि ईलाममा मात्र बसोबास रहेको लाप्चा जातिको ऐतिहासिक थलोको रुपमा यो गाउँपालिका रहेकाले यस गाउँपालिकाको नाम पनि ‘रोङ्ग’

राखिएको हो । दशैं, तिहार, उधौलि उभौलि, ल्होसार, बौध पूर्णिमा साथै अन्य तिथि अनुसार चाडपर्वहरु पनि मनाउने गर्दछन् ।

### ४.१.५ रोङ्ग गाउँपालिकाको शैक्षिक अवस्था (Educational Condition of Rong Rural Municipality)

यस गाउँपालिकाको शैक्षिक अवस्थाको अध्ययन गर्दा माध्यमिक विद्यालय ३ ओटा, आधारभुत विद्यालय( कक्षा १-८) २५ ओटा जसमा २८ ओटा सरकारि र ३ ओटा सस्थागत विद्यालयहरु रहेका छन् । यस गाउँपालिकाको शैक्षिक अवस्थालाई तलको तालिकामा देखाईएको छ ।

**तालिका २**

**पाँच बर्ष र सो भन्दा माथिको शैक्षिक अवस्थाका**

| लिङ्ग | शैक्षिक तह र पुरा गर्ने जनसंख्या | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | साक्षर | प्रा.वि( १-५) | आधारभूत( ६-८) | मा.वि( ९-१०) | प्रविणता प्रमाण पत्र | स्नातक तह | स्नातकोत्तर तह | जम्मा |
| महिला | ९९ | २६५२ | १६१५ | १४५७ | १८३ | २८ | २ | ६०३६ |
| पुरुष | ९७ | ३०१९ | १६४१ | १४६५ | २२९ | १०३ | २० | ६५७४ |
| जम्मा | १९६ | ५६७१ | ३२५६ | २९२२ | ४१२ | १३१ | २२ | १२६१० |

स्रोतः रोङ्ग गाउँपालिकाको वस्तुगत विवरण, २०७५

तालिका २ मा ईलाम जिल्ला रोङ्ग गाउँपालिकाको शैक्षिक अवस्थाको अध्ययन गर्दा सबै भन्दा बढि प्रा.वि(१-५) तह उतिर्ण गर्नेको संख्या ५६७१ रहेको छ भने सबै भन्दा कम स्नातकोत्तर तह उतिर्ण गर्नेको संख्या २२ रहेको छ । त्यसै गरि आधारभूत(६-८) तह उतिर्ण गर्नेको संख्या ३२५६, मा.वि(९-१०) तह उतिर्ण गर्नेको संख्या २९२२, प्रविणता प्रमाण पत्र तह उतिर्ण गर्नेको संख्या ४१२ र स्नातक तह उतिर्ण गर्नेको संख्या १३१ जना रहेका छन् । महिलाको तुलनामा षुरुषको शैक्षिक अवस्था केहि राम्रो रहेको देखिएको छ ।

### ४.१.६ रोङ्ग गाउँपालिकाको साक्षरताको अवस्था (Literacy Status of Rong Rural Municipality)

रोङ्ग गाउँपालिकाको साक्षरताको अवस्थालाई निम्न तालिकामा प्रस्तुत गरिन्छ ।

**तालिका ३**

**रोङ्ग गाउँपालिकाको साक्षरताको अवस्था**

| विवरण | गणना बर्ष २०७५ |
|---|---|
| महिला साक्षरता | ८३.६० प्रतिशत |
| पुरुष साक्षरता | ९०.३२ प्रतिशत |
| औसत साक्षरता | ८६.९२ प्रतिशत |

स्रोतः रोङ्ग गाउँपालिकाको वस्तुगत विवरण, २०७५

तालिका ३ मा रोङ्ग गाउँपालिकाको साक्षरताको अवस्थालाई प्रस्तुत गरिएको छ । रोङ्ग गाउँपालिकाको साक्षरताको अवस्थालाई अध्ययन गर्दा महिला साक्षरता ८३.६० प्रतिशत, पुरुष साक्षरता ९०.३२ प्रतिशत रहेको छ । महिलाको तुलनामा पुरुष साक्षरता बढि छ, भने औसत औसत साक्षरता ८६.९२ प्रतिशत रहेको छ ।

### ४.१.७ रोङ्ग गाउँपालिकाको स्वास्थ्य संस्था र स्वास्थ्य समस्याहरु सम्बन्धि अवस्था (Conditions related to Health Institutions and Health Problems of Rong Rural Municipality)

यस गाउँपालिकामा पोषण तथा स्वास्थ्य सम्बन्धि विभिन्न कार्यक्रमहरु साथै जनचेतनामुलक कार्यक्रमहरु स्वास्थ्य संस्थाहरुले नियमित रुपमा सञ्चालन गर्ने गरेको पाईयो । यस गाउँपालिकामा साविक गाउँबिकास समिति अनुसार ४ ओटा स्वास्थ्य चौकीहरु सञ्चालित रहेको पाईयो । यस गाउँपालिकामा देखाईएको विद्यमान स्वास्थ्य समस्याहरुलाई तलको तालिका देखाईएको छ ।

**तालिका ४**

**स्वास्थ्य समस्याहरु सम्बन्धि विवरण**

| सरुवा रोग | नसर्ने रोग | महिला स्वास्थ्य समस्या | बाल स्वास्थ्य समस्या |
|---|---|---|---|
| छाला रोग | चिनि रोग | पिसाब नलिको संक्रमण | निमोनियाँ |
| टाईफाईड(म्यादे ज्वरो) | हाईपरटेनसन(उच्च रक्तचाप) | पाठेघर सम्बन्धि समस्या | दादुरा |
| झाडापखाला | क्यान्सर | ल्यूकोरिया (सेतो पानी बग्ने) | माथिल्लो श्वास नलीको संक्रमण |
| | ग्यासट्राईटिस | महिनावारि गडबडी | |
| | पक्षघात | | |

स्रोतः रोङ्ग गाउँपालिकाको वस्तुगत विवरण, २०७५

यस गाउँपालिकाका बासिन्दाहरु विशेषत छाला रोग, टाईफाईड, झाडापखाला जस्ता सरुवा रोगहरुको समस्याहरु रहेको पाईयो भने चिनि रोग, हाईपरटेनसन, क्यान्सर, ग्यासट्राईटिस, पक्षघात जस्ता नसर्ने रोगहरु रहेको पाईयो । त्यसै गरि महिला स्वास्थ्य समस्या पिसाब नलिको संक्रमण, पाठेघर सम्बन्धि समस्या, ल्यूकोरिया, महिनावारि गडबडी जस्ता समस्याहरु रहेको पाईयो भने बाल स्वास्थ्य समस्यामा निमोनियाँ, दादुरा, माथिल्लो श्वासनलीको संक्रमण जस्ता समस्याहरु रहेको पाईयो ।

## ४.१.८ रोङ्ग गाउँपालिकामा कोभिड-१९ संक्रमित सम्बन्धि विवरण ( Details of those Infected with Covid–19)

रोङ्ग गाउँपालिकामा कोभिड-१९ संक्रमित सम्बन्धि अध्ययन गर्दा ६ ओटा वडाहरुमा अध्ययन समयावधि भित्र कोभिड-१९ संक्रमितहरुको प्राप्त तहरुको प्राप्त तथ्याङ्कलाई निम्न तालिका र स्तम्भ चित्रमा प्रस्तुत गरिएको छ ।

**तालिका ५**

**कोभिड-१९ सम्बन्धि विवरण**


| | निको भएको | | | मृत्यू भएको | | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| वडा नं. १ | २४ | ३३ | ५७ | १ | ० | १ | २५ | ३३ | ५८ |
| वडा नं. २ | ३१ | २४ | ५५ | ० | ० | ० | ३१ | २४ | ५५ |
| वडा नं. ३ | ४१ | ५८ | ९९ | १ | २ | ३ | ४२ | ६० | १०२ |
| वडा नं.४ | ६६ | ६१ | १२७ | १ | १ | २ | ६७ | ६२ | १२९ |
| वडा नं. ५ | ७६ | ७४ | १५० | ० | १ | १ | ७६ | ७६ | १५२ |
| वडा नं. ६ | ३० | ५४ | ८४ | ० | १ | १ | ३० | ५५ | ८५ |
| जम्मा | २६८ | ३०४ | ५७२ | ३ | ५ | ८ | २७१ | ३१० | ५८१ |

स्रोत : रोङ्ग गाउँपालिकामा कोभिड-१९ विवरण, २०७८

रोङ्ग गाउँपालिकामा कोभिड-१९ संक्रमित सम्बन्धि अध्ययन गर्दा ६ ओटा वडाहरु मध्ये सबै भन्दा बढि वडा नं. ५ मा जम्मा १५२ जना संक्रमित रहेको छन्, जसमा महिला र पुरुष बराबर ७६,७६ जना रहेको छन् । भने सबै भन्दा कम वडा नं. २ मा जम्मा ५५ जना संक्रमित रहेको छन, जसमा महिला ३१ र पुरुष २४ जना रहेको छन् । त्यसै गरि अन्य वडाहरु १,३,४ र ६ मा क्रमश : ५८, १०२, १२९ र ८५ जना गरि जम्मा ५८१ जना संक्रमित रहेको छन् ।

संक्रमित मध्ये निको हुने महिला २६८ र पुरुष ३०४ जना जम्मा ५७२ जना रहेको छन् भने संक्रमित मध्ये जम्मा ८ जनाको मृत्यू भएको पाईयो जसमा सबै भन्दा बढि वडा नं. ३ मा महिला १ र पुरुष २ जना गरि जम्मा ३ जना रहेका छन् । त्यसै गरि वडा नं. २ मा कसैको पनि मृत्यू भएको पाईएन भने अन्य वडाहरु १,४,५र ६ मा क्रमश : १,२,१ र १ जनाको मृत्यू भएको पाईयो । मृत्यु हुनेहरुमा महिला ३ र पुरुष ५ जना रहेका छन् ।

**चित्र १**




चित्र १ मा स्तम्भचित्रमा रोङ्ग गाउँपालिकामा कोभिड-१९ संक्रमितरुको संख्यालाई देखाईएको छ । चित्रमा सबै भन्दा बढि वडा नम्बर ५ मा महिला र पुरुष बराबर रहेका छन् भने त्यसपछि वडा नम्बर ४ मा रहेका छन् जसमा पुरुष भन्दा महिला बढि रहेका छन् । त्यसै गरि वडा नम्बर ३ मा महिला भन्दा पुरुष बढि, वडा नम्बर ६ मा पनि महिला भन्दा पुरुष बढि, वडा नम्बर १ मा महिला भन्दा पुरुष बढि रहेका छन् भने वडा नम्बर २ मा सबै भन्दा कम संक्रमित रहेका छन जहाँ महिला भन्दा पुरुष कम संक्रमित रहेका छन । माथिको तथ्याङ्क अनुसार महिलाको तुलनामा पुरुष बढि संक्रमित भएको पाईएको छ ।

## ४.२ रोगको व्यापकता (Prevalence of Disease)

कुनै रोगको व्यापकता भन्नाले कुनै ठाउँको जनसङ्ख्यामा विद्यमान रहेका त्यहि रोगको सबै दरलाई जनाईन्छ। व्यापकतादर भन्नाले कुनै निश्चित समयावधि वा समय बिन्दुमा कुनै रोगबाट ग्रसित भएका सबै बिरामीहरु (नयाँ तथा पुरानो) को सङ्ख्यालाई त्यहि समयमा जोखिममा परेका जनसङ्ख्याले भाग गरेर आएको भागफललाई मापन एकाई सङ्ख्या जस्तैः १०० वा १००० ले गुणन गरि आएको नतिजालाई  रोगको व्यापकतादर भनिन्छ । रोगको व्यापकतादर बिन्दु व्यापकतादर र समयावधि व्यापकतादर गरि दुई तरिकाबाट मापन गर्न सकिन्छ।

### ४.२.१ नमुना छनौटमा परेका व्यक्तिहरुमा कोभिड-१९ को व्यापकता (Prevalence of Covid-19 Among Sampled Individual)

अध्ययन क्षेत्रको नमुना छनौटमा परेका व्यक्तिहरुमा कोभिड-१९ को व्यापकतादर मापन गर्दा समयावधि व्यापकतादर तरिकाबाट म          एको छ। यसमा व्यक्तिहरुको उमेरगत, पेशागत, लैङ्गिक व्यापकताको अध्ययन गरिएको छ।  अध्ययन क्षेत्रमा अध्ययन क्षेत्रमा २०७६ चैत्र देखि २०७८ असोज सम्ममा २३१ जना कोभिड - १९ को बिरामी र त्यस क्षेत्रको सोहि समयावधिमा जोखिममा रहेका कुल जनसङ्ख्या ६०६० रहेको छ। यसका लागि तलका सुत्रको प्रयोग मापन गरिएको छ (बुढाथोकि, २०६९)।

$$\text{कोभिड–१९ को व्यापकता दर} = \frac{\text{२०७६ चैत्र देखि २०७८ असोजसम्मा अध्ययन क्षेत्रमा भएका जम्मा कोभिड को विरामीको संख्या}}{\text{उक्त समयावाधिको अनुमानित जनसंख्या}} \times \text{१००}$$

$$= \frac{\text{२३१}}{\text{६०६०}} \times \text{१००}$$

$$= \text{३.८१ प्रतिशत}$$

अध्ययन क्षेत्रमा २०७६ चैत्र देखि २०७८ असोज सम्ममा कोभिड-१९ को व्यापकतादर ३.८१ प्रतिशत रहेको देखिएको छ।

अध्ययन क्षेत्रमा कोभिड-१९ संक्रमित मध्ये अध्ययन समयावधि भित्र जम्मा ५ जनाको मृत्यु भएको छ। यसको मृत्युदर यसरी निकालिएको छ।

$$\text{मृत्युदर} = \frac{\text{कोभिडबाट मृत्यु हुनेको कुल संख्या}}{\text{कोभिड संक्रमितको कुल संख्या}} \times १००$$

$$= \frac{५}{२३१} \times १००$$

$$= २.१६ \text{ प्रतिशत}$$

अध्ययन क्षेत्रको कोभिडको मृत्युदर २.१६ प्रतिशत रहेको पाईयो।

### ४.२.२ कोभिड-१९ को उमेरगत विवरण (Agewise Details of Covid-19)

कोभिड-१९ यस्तो खालको रोग हो, जुन कुनै निश्चित उमेर समुहको व्यक्तिलाई मात्र नभई सबै उमेर समुहका व्यक्तिलाई लाग्न वा सर्न सक्छ। नमुना छनौटमा परेका व्यक्तिहरुमा उमेरगत व्यापकताको अध्ययन गर्दा प्राप्त तथ्याङ्कलाई तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका ६**

**कोभिड-१९ उमेरगत विवरण**

| उमेर समुह | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| जन्मे देखि १८ बर्ष सम्म | १० | १०.५२ |
| १९ देखि ४० सम्म | ५३ | ५५.७८ |
| ४१ देखि ६० बर्ष सम्म | ३० | ३१.५७ |
| ६१ भन्दा माथि | २ | २.१० |
| जम्मा | ९५ | १०० |

स्रोतः स्थलगत सर्बेक्षण, २०७८

तालिका ६ मा व्यक्तिको उमेरगत विवरणलाई देखाईएको छ। यहाँ सबै भन्दा बढि १९ देखि ४० सम्मको उमेर समुहको रहेका छन्, जसमा ५३ जना ५५.७८ प्रतिशत रहेको देखिएको छ भने सबै भन्दा कम ६१ भन्दा माथिका २ जना अर्थात् २.१० रहेका छन। त्यसै गरि जन्मे देखि १८ बर्ष सम्मका १० जना अर्थात् १०.५२ प्रतिशत र ४१ देखि ६० बर्ष सम्मका ३० जना अर्थात् ३१.५७ प्रतिशत रहेको देखिएको छ।

### ४.२.३ कोभिड-१९ को लैङ्गिक विवरण (Gender Details of Covid–19)

अध्ययन क्षेत्रमा कोभिड-१९ को लैङ्गिक विवरणको अध्ययन गर्दा प्राप्त तथ्याङ्कलाई तलको तालिका र बृत्तचित्रबाट प्रस्तुत गरिएको छ।

**तालिका ७**

**कोभिड-१९ को लैङ्गिक विवरण**


| क्र. स | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | महिला | ४३ | ४५.२६ |
| २ | पुरुष | ५२ | ५४.७३ |
| | जम्मा | ९५ | १०० |

स्रोतः स्थलगत सर्बेक्षण, २०७८

माथिको तालिका अनुसार अध्ययन क्षेत्रका नमुना छनौटमा परेका व्यक्तिहरुमा कोभिड-१९ को लैङ्गिक विवरणको अध्ययन गर्दा पुरुष ५२ जना अर्थात् ५४.७३ प्रतिशत र महिला ४३ जना अर्थात् ४५.२६ प्रतिशत रहेको देखिएको छ। पुरुषको तुलनामा महिलामा कोभिड-१९ को संक्रमण कम रहेको पाईएको छ।

**चित्र २**

**कोभिड-१९ को लैङ्गिक विवरण**




वृत्तचित्रमा अध्ययन क्षेत्रका नमुना छनौटमा परेका व्यक्तिहरुमा कोभिड-१९ को लैङ्गिक विवरणालाई देखाईएकोछ। जसमा पुरुष ५४.७३ प्रतिशत र महिला ४५.२६ प्रतिशत रहेको छ।

## ४.२.४ कोभिड-१९ को पेशागत विवरण (Occupational Details of Covid–19)

कुनै पनि व्यक्तिले आफ्नो दैनिक जीवनलाई सञ्चाललन गर्न कुनै न कुनै पेशा अंगाल्नु पर्ने हुन्छ। पेशाले व्यक्ति र परिवारका आर्थिक, शैक्षिक, स्वास्थ्य तथा सामाजिक अवस्थालाई सुधार गर्दै एक गुणस्तरिय जीवन बनाउन महत्वपुर्ण भुमिका खेलेको हुन्छ। नेपालिहरुको मुख्य पेशा कृषि भएता पनि आज भोलि कृषि बाहेक सेवा, व्यापार, वैदेशिक रोजगार जानेको संख्या दिन प्रति दिन तिब्र रुपमा बढिरहेको छ। अध्ययन क्षेत्रमा नमुना छनौटमा परेका व्यक्तिहरुमा कोभिड-१९ को पेशागत विवरणको अध्ययन गर्दा प्राप्त तथ्याङ्कलाई तलको तालिकाबाट प्रस्तुत गरिएको छ।

**तालिका ८**

**कोभिड-१९ को पेशागत विवरण**

| क्र.स | पेशा | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | विद्यार्थी | १८ | १८.९४ |
| २ | कृषि | ३० | ३१.९७ |
| ३ | सेवा | १७ | १७.८९ |
| ४ | व्यापार | १२ | १२.६३ |
| ५ | वैदेशिक रोजगार | ११ | ११.५७ |
| ६ | अन्य | ७ | ७.३६ |
| | जम्मा | ९५ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७८

तालिका ८ अनुसार अध्ययन क्षेत्रका नमुना छनौटमा परेका व्यक्तिहरुमा कोभिड-१९ को पेशागत विवरणको अध्ययन गर्दा सबै भन्दा बढि कृषि पेशामा आबद्ध व्यक्तिहरु ३० जना अर्थात् ३१.९७ प्रतिशत रहेको पाईयो भने विद्यार्थीहरु १८ जना अर्थात् १८.९४ प्रतिशत रहेको पाईएको छ । त्यसै गरि सेवामा १७ जना अर्थात् १७.८९ प्रतिशत, व्यापारमा १२ जना अर्थात् १२.६३ प्रतिशत, वैदेशिक रोजगारमा गएर सोहि समयमा आएकाहरु ११ जना अर्थात् ११.५७ प्रतिशत र अन्य पेशामा आबद्ध ७ जना अर्थात् ७.३६ प्रतिशत रहेको पाईयो ।

## ४.३ शैक्षिक अवस्था (Educational Condition )

शिक्षा व्यक्तिलाई ज्ञान तथा सिप सिकाउने पद्धति हो । शिक्षाले मानिसलाई अन्धाकारबाट अज्यालो तर्फ लम्काउँछ । शिक्षाले मानिसको स्वाश्थ्य शरीर र स्वास्थ्य मस्तिष्कमा सकारात्मक सोच बिचारको बिकास गर्नुका साथै असल नागरिक बनाएर सरल तरिकाबाट जीवनयापन गर्न ज्ञान तथा सिप प्रदान गरि जिम्मेवारीपूर्ण कार्य गर्न सक्ने क्षमताको बिकास गर्दछ । अध्ययन क्षेत्रमा

नमुना व्यक्तिको शैक्षिक अवस्था बारेमा अध्ययन प्राप्त तथ्याङ्कलाई विभिन्न शिर्षकमा छुट्टाछुट्टै प्रस्तुत गरिएको छ ।

### ४.३.१ उत्तरदाताको शैक्षिक अवस्था (Educational Status of Sampled Person )

शिक्षाले कुनै पनि व्यक्तिका जीवनलाई सहि रुपमा सञ्चालन गर्न, सोच विचार र व्यावहारमा सकारात्मक परिवर्तन गर्नका साथै सामाजिक कार्यमा सहभागि हुनका लागि मदत गर्दछ । मानव जीवनको हरेक क्रियाकलाप सम्पादन गर्ने आधारशिलाका रुपमा शिक्षालाई लिने गरिन्छ । शिक्षा कुनै पनि व्यक्तिको मात्र नभई देशको सबै क्षेत्रको बिकासको आधार हो । समाजमा शिक्षाको अभाबमा कुनै पनि क्षेत्रको बिकास र प्रगाति हुन सक्दैन । समाजको गतिशिलताका लागि शिक्षा अपरिहार्य छ । अध्ययन क्षेत्रका नमुना क्षेत्रमा परेका ९५ जना व्यक्तिहरुको शैक्षिक अवस्थाको अध्ययन गर्दा प्राप्त नतिजालाई विभिन्न शिर्षकमा छुट्याएर प्रस्तुत गरिएको छ ।

### ४.३.२ तहगत शैक्षिक अवस्था (Levelwise Educational status)

अध्ययन क्षेत्रमा नमुना व्यक्तिको तहगत शैक्षिक अवस्थालाई प्राथमिक तह (कक्षा १-५), निम्नमाध्यमिक (कक्षा ६-८), माध्यमिक(कक्षा ९-१०), प्रमाणपत्र तह (कक्षा ११-१२), स्नातक तह र स्नातकोत्तर तहमा बिभाजन गरि अध्ययन गरिएको थियो । जसबाट प्राप्त तथ्याङ्कलाई तलको तालिका र बृत्तचित्रमा राखिएको छ ।

**तालिका ९**


**तहगत शैक्षिक अवस्था**

| तह | संख्या | प्रतिशत |
|---|---|---|
| प्रा.वि (कक्षा १-५) | १० | १०.५२ |
| नि.मा.वि (कक्षा ६-८) | २७ | २८.४२ |
| म.वि (कक्षा ९-१०) | २२ | २३.१५ |
| प्रविणता प्रमाणपत्र | १८ | १८.९४ |
| स्नातक | १५ | १५.७८ |
| स्नातकोत्तर | ३ | ३.१५ |
| जम्मा | ९५ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७८

नमूना छनोटमा परेका व्यक्तिहरुको तहगत शैक्षिक अवस्थाको अध्ययन गर्दा सबै भन्दा बढि निम्नमाध्यमिक तहमा २७ जना अर्थात् २८.४२ प्रतिशत रहेमा छन भने सबै भन्दा कम स्नातकोत्तर तहमा ३ जना अर्थात् ३.१५ प्रतिशत रहेको पाईयो । त्यसै गरि प्राथमिक तहमा १० जना, माध्यमिक तहमा (कक्षा ९-१०) २२ जना, प्रविणता प्रमाणपत्र (कक्षा ११-१२) तहमा १८ जना र स्नातक तहमा १५ जना रहेको पाईयो ।

**चित्र ३**




वृत्तचित्र ३ मा नमूना छनोटमा परेका व्यक्तिहरुको तहगत शैक्षिक अवस्थालाई देखाईएको छ। जसमा प्राथमिक तहमा १०.५२ प्रतिशत, सबै भन्दा बढि निम्नमाध्यमिक तहमा २८.४२ प्रतिशत, माध्यमिक तह (कक्षा ९-१०) मा २३.१५ प्रतिशत, प्रविणता प्रमाणपत्र (कक्षा ११-१२) तहमा १८.९४ प्रतिशत, त्यसै गरि स्नातक तहमा १५.७८ प्रतिशत र सबै भन्दा कम स्नातकोत्तर तहमा ३.१५ प्रतिशत रहेको पाईयो।

### ४.३.३ बालबालिकाले पढ्ने शैक्षिक संस्था सम्बन्धि विवरण (Details of Educational Institutional Studying Children)

अध्ययन क्षेत्रमा नमुना छनौटमा परेका व्यक्तिहरु मध्ये १८ जना विद्यार्थीहरु रहेका थिए। उनीहरुले अध्ययन गर्ने गरेको शैक्षिक सम्बन्धि अध्ययन गर्दा सरकारी र नीजि विद्यालय गरि छुट्याएर गरिएको थियो। सरकारी विद्यालय भन्नाले सरकारी खर्चबाट सञ्चालन हुने विद्यालयहरु हुन भने नीजि विद्यालय भन्नाले व्यक्ति वा समुहको खर्चबाट सञ्चालन हुने विद्यालयहरु भन्ने बुझिन्छ। विद्यार्थीले अध्ययन गर्ने गरेको शैक्षिक संस्था सम्बन्धि प्राप्त तथ्याङ्कलाई निम्न तालिकामा देखाईएको छ।

**तालिका १०**


**विद्यार्थीको शैक्षिक संस्था सम्बन्धि विवरण**

| क. स | विवरण | विद्यार्थी संख्या (जना) | प्रतिशत |
|---|---|---|---|
| १ | सरकारी | १५ | ८३.३३ |
| २ | नीजि | ३ | १६.३३ |
|  | जम्मा | १८ | १०० |

स्रोत: स्थलगत सर्वेक्षण, २०७८

तलिका १० मा विद्यार्थीले अध्ययन गर्ने गरेको शैक्षिक संस्था सम्बन्धि विवरणलाई प्रस्तुत गरिएको छ । जसमा जम्मा १८ जना विद्यार्थीहरु मर्ध्ये सरकारी विद्यालयमा पढ्ने १५ जना र नीजि विद्यालयमा पढ्ने ३ जना रहेको पाईयो ।

**चित्र ४**




वृत्तचित्र ४ मा अध्ययन क्षेत्रमा नमुना छनौटमा परेका १८ जना विद्यार्थीहरुले अध्ययन गर्ने शैक्षिक संस्था सम्बन्धि विवरणलाई देखाईएको छ। जसमा सरकारी विद्यालयमा अध्ययन गर्ने ८३.३३ प्रतिशत र नीजि विद्यालयमा अध्ययन गर्ने १६.६६ प्रतिशत रहेको पाईएको छ।

### ४.३.४ विद्यालय छाड्ने र विद्यालय परिवर्तन गर्ने सम्बन्धि विवरण (Details Regarding Drop Out and Changing School)

यहाँ विद्यालय छाड्ने भन्नाले कोभिड-१९ को कारणले विद्यालय जान छाडेका विद्यार्थीहरुलाई जनाईएको छ भने विद्यालय परिवर्तन गर्ने भन्नाले सरकारी विद्यालयबाट नीजि विद्यालयमा वा नीजिबाट सरकारी विद्यालयमा जाने विद्यार्थीहरुलाई जनाईएको छ । अध्ययन क्षेत्रमा नमुना छनौटमा परेका विद्यार्थीहरु मध्ये अध्ययन समयावधि भरिमा २ जना विद्यार्थीहरुले विद्यालय छाडेको पाईयो । त्यसै गरि अध्ययन समयावधि भित्र शैक्षिक संस्था परिवर्तन गर्ने विद्यार्थीको अध्ययन गर्दा सरकारी विद्यालयबाट नीजि विद्यालयमा जाने कोहि पनि पाइएन भने नीजिबाट सरकारी विद्यालयमा जाने विद्यार्थीहरु ३ जना रहेको पाईयो । यसरी विद्यालय परिवर्तन गर्नुको मुख्य कारण बन्दाबन्दिको समयमा नीजि विद्यालयले लिने गरेको शुल्क रहेको पाईयो ।

### ४.३.५ बैकल्पिक विधिबाट शिक्षण सिकाइमा सहभागि हुने विद्यार्थी सम्बन्धि विवरण (Detailes of Students Participating in Alternative Methods of Learning)

अध्ययन क्षेत्रमा नमुना छनौटमा परेको १८ जना विद्यार्थीहरुले बन्दाबन्दिको समयमा आफ्नो सिकाई क्रियाकलापलाई कसरी अगाडि बढाए, के कस्ता विधिबाट शिक्षण सिकाइमा सहभागि भए भन्ने कुराको अध्ययन गर्दा अनलाईन, रेडियो/टेलिभिजन, गाउँ-गाउँमा शिक्षक आएर र कुनै पनि विधिबाट सहभागि नहुने जस्ता कुरालाई समावेश गरिएको थियो । यसबाट प्राप्त तथ्याङ्कलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

**तालिका ११**


**बैकल्पिक विधिबाट शिक्षण सिकाइमा सहभागि हुने विद्यार्थी सम्बन्धि विवरण**

| विधि | सहभागि विद्यार्थी संख्या(जना) | प्रतिशत |
|---|---|---|
| अनलाईन | ५ | २७.७७ |
| रेडियो/टेलिभिजन | ३ | १६.६६ |
| गाउँ-गाउँमा शिक्षक आएर | ३ | १६.६६ |
| कुनै पनि विधिबाट सहभागि नहुने | ७ | ३८.८८ |
| जम्मा | १८ | १०० |

स्रोतः स्थलगत सर्बेक्षण, २०७८

तालिका ११ मा बन्दाबन्दिको समयमा कति विद्यार्थीहरुले आफ्नो सिकाइ क्रियाकलापलाई अघि बढाउन कुन-कुन विधिको प्रयोग गरे भन्ने कुरालाई देखाईएको छ। जसमा सबै भन्दा बढि कुनै पनि विधिबाट सहभागि नहुने ७ जना रहेको पाईयो भने सबै भन्दा कम रेडियो/टेलिभिजन र गाउँ-गाउँमा शिक्षक आएर गरेको क्रियाकलापमा ३,३ जना बराबर रहेका पाईएको छ। त्यसै गरि अनलाईन विधिबाट सहभागि हुने ५ जना रहेका छन्।

**चित्र ५**




स्तम्भचित्र ५ मा बन्दाबन्दिको समयमा कति विद्यार्थीहरुले आफ्नो सिकाई क्रियाकलापलाई अघि बढाउन कुन-कुन विधिको प्रयोग गरे भन्ने कुरालाई देखाईएको छ। अध्ययन क्षेत्रका विद्यार्थी मध्ये कुनै पनि विधिबाट सिकाइ क्रियाकलापमा सहभागि नहुने ३८.८८ प्रतिशत रहेको पाईयो, जुन सबै भन्दा बढि हो । त्यसै गरि अनलाईन विधिबाट सहभागि हुने २७.७७ प्रतिशत पाईयो भने रेडियो तथा टेलिभिजन र गाउँ-गाउँमा शिक्षक आएर गरेको शिक्षण क्रियाकलापमा १६.६६ प्रतिशत बराबर रहेको पाईएको छ। यसरी हेर्दा कुनै पनि विधिबाट सिकाइ क्रियाकलापमा सहभागि नहुने विद्यार्थीहरुको संख्या सबै भन्दा बढि रहेको पाईयो । यसको कारण विद्यार्थीहरुसँग स्मार्ट फोन, ल्याउटप, नेटवर्क, रेडियो तथा टेलिभिजन जस्ता प्राविधिक सामग्रीहरुको अभाव रहेको पाईयो भने कतिपय विद्यार्थीहरु सबै कुरा भएर पनि सहभागि नभएको पाईएको छ।

### ४.३.६ कोभिड-१९ को शैक्षिक प्रभाव (Educational Effect of Covid-19)

ईलाम जिल्ला रोङ्ग गाउँपालिका वडा नं. ३ र ४ अर्न्तगत नमूना छनौट व्यक्तिहरुको शैक्षिक क्षेत्रमा कोभिड-१९ ले पारेको प्रभावको अध्ययन तथा विश्लेषण गर्दा मुख्यतया पेशागत, तहगत, शैक्षिक संस्था, विद्यालय छाड्ने र विद्यालय परिवर्तन गर्ने, वैकल्पिक विधि जस्ता पक्षको अध्ययन गरिएको थियो। जसलाई सकरात्मक र नकरात्मक प्रभाव गरि निम्नानुसार उल्लेख गरिएको छ।

**सकरात्मक प्रभाव (Positive Effects)**

1. कोभिड-१९ ले विद्यालयको कक्षाकोठामा मात्र सिकाइ हुन्छ भन्ने मान्यतालाई हटाएको,
2. विद्यार्थीले आ-आफ्नो घरैमा बसेर स्वा-गति र स्वा-तरिकाबाट पढ्ने र सिक्ने अवसर पाएका,
3. विद्यार्थीले अभिभावकहरुसँग विभिन्न किसिमका घरायसि कामहरु सिक्ने र त्यो एउटा जीवनोपयोगि शिक्षा प्राप्त गर्ने अवसर पाएका,
4. शिक्षक तथा विद्यार्थी दुबैले खालि किताबबाट मात्र ज्ञान, सिप लिन र दिन सकिन्छ भन्ने कुरालाई हटाउँदै अन्य विभिन्न स्रोतहरु (अनलाई, अफलाईन) बाट पनि ज्ञान, सिप लिन र दिन सकिन्छ भन्ने सोच र सिपको विकास भएको,
5. महामारिले विद्यार्थीलाई आफ्नो ज्ञान, सिप र सिकाइका लागि खालि शिक्षक र विद्यालयमा भर नपरेर आफै बढि सक्रिय हुनु पर्ने कुराको बोध गराएको छ भने आफ्नो बालबच्चाको सिकाइ गति, स्तर, प्रकृतिबारे अभिभावकले जानकारि प्राप्त गर्ने अवसर पाउनुका साथै बालबच्चाको सिकाइमा आफ्नो भुमिका महत्वपुर्ण छ भन्ने कुराको बोध गराएको,
6. परम्परागत शिक्षण विधि र प्रविधि मात्र नभई समय, परिस्थिती अनुसार नयाँ शिक्षण विधि र प्रविधिको व्यवस्थापन र प्रयोगमा जोड दिनुपर्छ भन्ने कुरा सिकाएको,
7. कोभिड-१९ जस्ता महामारि तथा रोगहरुबाट बच्नका लागि स्वास्थ्य तथा सरसफाई रहनुपर्छ भन्ने कुरा विद्यार्थी, अभिभावक र सबैलाई सिकाएको छ ।

**नकरात्मक प्रभाव (Negetive Effects)**

1. कोभिड-१९ ले सबै तहको सबै विद्यार्थीको सिकाइमा प्रतिकूल असर पारेको,
2. वैकल्पिक विधिको सिकाइमा सबै विद्यार्थीको पहुँच हुन नसक्दा सबै विद्यार्थीहरुले आफ्नो सिकाइलाई सुनिश्चित गर्न नसकेको,
3. महामारिले विद्यार्थी–विद्यार्थी बिचका साथै विद्यालय-विद्यालय बिच समेत डिजिटल असमानता सिर्जना गराएको,
4. विद्यार्थीहरुमा आफ्नो स्वास्थ्य, पढाई, परिक्षा, भबिष्य जस्ता कुरालाई लिएर मनोबैज्ञानिक त्रास बढेको,

5. भौतिक रुपमा सिकाइमा सहभागि हुन नपाउँदा सिकाइ प्रभावकारि हुन नसकेको साथै विद्यालय छोड्नेदर बढेको,
6. अनलाईन कक्षाका लागि मोबाईल, ल्यापटप जस्ता सामग्रिहरुको खरिद गर्नुपर्दा आर्थिक भार बढाएको,
7. विद्यार्थीहरुमा अनलाईन कक्षाको नाममा अनावश्यक वेबसाइट अनलाईन गेम, सामाजिक सञ्जाल आदिको प्रयोग गर्ने बानि पारेको छ ।

## ४.४ अध्ययनको साराश (Summary of the Study)

यस अध्ययनको साराशंलाई निम्नानुसार उल्लेख गरिएको छ ।

1. ईलाम जिल्ला  रोङ्ग गाउँपालिका वडा नं. ३ र ४ अर्न्तगत कोभिड - १९ ले शैक्षिक क्षेत्रमा पारेको प्रभावको अध्ययन गरिएको छ । यस अध्ययनको उद्देश्य कोभिड-१९ को व्यापकताको अध्ययन गर्नु र कोभिड-१९ ले शैक्षिक क्षेत्रमा पारेको प्रभावको विश्लेषण गर्नु रहेको छ ।
2. यस अध्ययन ईलाम जिल्ला रोङ्ग गाउँपालिका वडा नं. ३ र ४ अर्न्तगतका २३१ जना कोभिड संक्रमितहरु मध्ये ९५ जनालाई नमुनाका रुपमा छनौट गरिएको थियो । उक्त क्षेत्रमा कोभिड-१९ ले पारेको शैक्षिक प्रभावको अध्ययनमा यो अध्ययन केन्द्रित गरिएको छ ।
3. अध्ययन क्षेत्रमा २०७६ चैत्र देखि २०७८ असोज सम्ममा कोभिड-१९ को व्यापकतादर ३.८१ प्रतिशत रहेको पाईयो भने अध्ययन क्षेत्रको कोभिड-१९ को मृत्युदर २.१६ प्रतिशत रहेको पाईयो ।
4. अध्ययन क्षेत्रका नमुना छनौटमा परेका जम्मा ९५ जना व्यक्तिहरु मध्ये पुरुष ५२ जना अर्थात् ५४.७३ प्रतिशत र महिला ४३ जना अर्थात् ४५.२६ प्रतिशत रहेको देखिएको छ । पुरुषको तुलनामा महिलामा कोभिड-१९ को व्यापकता कम रहेको पाईएको छ ।
5. अध्ययन क्षेत्रका नमुना छनौटमा परेका व्यक्तिहरुको पेशागत अध्ययन गर्दा सबै भन्दा बढि कृषि पेशामा आबद्ध व्यक्तिहरु ३१.९७ प्रतिशत रहेको पाईयो भने विद्यार्थीहरु १८.९४ प्रतिशत रहेको पाईएको छ । त्यसै गरि सेवामा १७.८९ प्रतिशत, व्यापारमा १२.६३

प्रतिशत, वैदेशिक रोजगारमा गएर सोहि समयमा आएकाहरु ११.५७ प्रतिशत र अन्य पेशामा आबद्ध ७.३६ प्रतिशत रहेको पाईयो ।

6. यसमा उमेर समुहगत व्यापकताको अध्ययन गर्दा  सबै भन्दा बढि १९ देखि ४० सम्मको उमेर समुहको रहेका छन्, जसमा ५५.७८ प्रतिशत रहेको पाईएको छ भने सबै भन्दा कम ६१ भन्दा माथिका अर्थात् २.१० रहेका छन । त्यसै गरि जन्मे देखि १८ बर्ष सम्मका १०.५२ प्रतिशत र ४१ देखि ६० बर्ष सम्मका ३१.५७ प्रतिशत रहेको पाईएको छ ।
7. नमूना छनोटमा परेका व्यक्तिहरुको तहगत शैक्षिक अवस्थाको अध्ययन गर्दा सबै भन्दा बढि निम्नमाध्यमिक तहमा २८.४२ प्रतिशत रहेमा छन भने सबै भन्दा कम स्नातकोत्तर तहमा ३.१५ प्रतिशत  रहेको पाईयो । त्यसै गरि प्राथमिक तहमा १०.५२ प्रतिशत, माध्यमिक तहमा (कक्षा ९-१०) २३.१५ प्रतिशत, प्रविणता प्रमाणपत्र (कक्षा ११-१२) तहमा १८.९४ प्रतिशत र स्नातक तहमा १५.७८ प्रतिशत रहेको पाईयो ।
8. अध्ययन क्षेत्रमा नमुना छनौटमा परेका १८ जना विद्यार्थीहरु रहेका मध्ये सरकारी विद्यालयमा अध्ययन गर्ने ८३.३३ प्रतिशत र नीजि विद्यालयमा अध्ययन गर्ने १६.६६ प्रतिशत रहेको पाईएको छ ।
9. अध्ययन क्षेत्रमा नमुना छनौटमा परेका विद्यार्थीहरु मध्ये २ जना विद्यार्थीहरुले विद्यालय छाडेको पाईयो । त्यसै गरि अध्ययन समयावधि भित्र शैक्षिक संस्था परिवर्तन गर्ने विद्यार्थीको अध्ययन गर्दा सरकारी विद्यालयबाट नीजि विद्यालयमा जाने कोहि पनि पाईन भने नीजिबाट  सरकारी विद्यालयमा जाने विद्यार्थीहरु ३ जना रहेको पाईयो ।
10. अध्ययन क्षेत्रका विद्यार्थी मध्ये कुनै पनि विधिबाट सिकाइ क्रियाकलापमा सहभागि नहुने ३८.८८ प्रतिशत रहेको पाईयो त्यसै गरि अनलाईन विधीबाट सहभागि हुने २७.७७ प्रतिशत, रेडियो तथा टेलिभिजन र गाउँ-गाउँमा शिक्षक आएर गरेको शिक्षण क्रियाकलापमा  १६.६६ प्रतिशत बराबर रहेको पाईएको छ । यसरि हेर्दा कुनै पनि विधीबाट सिकाई क्रियाकलापमा सहभागि नहुने विद्यार्थीहरुको संख्या सबै भन्दा बढि रहेको पाईयो ।

## अध्याय पाँच (CHAPTER FIVE)

# ५. निष्कर्ष र सुझाबहरु (Conclusion and Recommendations)

यस अध्यायमा तथ्याङ्कहरुको विस्तृत व्याख्या, विश्लेषण र विवेचना गरि प्राप्त सारांशलाई निष्कर्षको रुपमा प्रस्तुत गरिएको छ र निष्कर्षको आधारमा सुझाबहरु उल्लेख गरिएको छ ।

## ५.१ निष्कर्ष (Conclusion)

ईलाम जिल्ला  रोङ्ग गाउँपालिका वडा नं. ३ र ४ मा गरिएको प्राथमिक तथ्याङ्कहरु र विभिन्न द्धितिय तथ्याङ्कहरुका अध्ययन, व्याख्या तथा विश्लेषणबाट कोभिड-१९ ले शैक्षिक क्षेत्रमा पारेको प्रभाव शिर्षकमा गरिएको अध्ययनको उद्देश्य कोभिड-१९ को व्यापकताको अध्ययन गर्नु र कोभिड-१९ ले शैक्षिक क्षेत्रमा पारेको प्रभावको विश्लेषण गर्नु रहेको । यस अध्ययनबाट निम्न निष्कर्षहरु निकालिएको छ ।

1. अध्ययन क्षेत्रमा कुल जनसंख्याको ३.१८ प्रतिशत व्यक्तिहरुमा कोभिड-१९ को संक्रमित भएको जसमध्ये २.१६ प्रतिशतको मृत्यू भएको पाईयो ।
2. अध्ययन क्षेत्रका नमुना छनौटमा परेका मध्ये पुरुष ५४.७३ प्रतिशत र महिला ४५.२६ प्रतिशत रहेको देखिएको छ । पुरुषको तुलनामा महिलामा कोभिड-१९ को व्यापकता ९.४७ प्रतिशत कम रहेको पाईयो ।
3. अध्ययन क्षेत्रमा सबै भन्दा बढि ३१.९६ प्रतिशत कृषि पेशामा आबद्ध व्यक्तिहरुमा कोभिड-१९ को व्यापकता रहेको पाईयो ।
4. अध्ययन क्षेत्रमा बिशेष गरि वैदेशिक रोजगारका क्रममा गएर फर्किने व्यक्तिहरुको माध्यमबाट कोभिड संक्रमण बढेको देखियो ।
5. उमेर समुहगत व्यापकताको अध्ययन गर्दा  सबै भन्दा बढि १९ देखि ४० सम्मको उमेर समुहको रहेका छन्, जसमा ५५.७८ प्रतिशत रहेको पाईएको छ भने सबै भन्दा कम ६१ भन्दा माथिका अर्थात् २.१० प्रतिशत रहेका छन ।
6. विद्यार्थीहरु मध्ये सरकारी विद्यालयमा अध्ययन गर्ने ८३.३३ प्रतिशत र निजी विद्यालयमा अध्ययन गर्ने १६.६६ प्रतिशत रहेको पाईएको छ ।

7. नमूना छनोटमा परेका व्यक्तिहरुको तहगत शैक्षिक अवस्थाको अध्ययन गर्दा सबै भन्दा बढि निम्नमाध्यमिक तहमा २८.४२ प्रतिशत रहेमा छन् भने सबै भन्दा कम स्नातकोत्तर तहमा ३.१५ प्रतिशत  रहेको पाईयो ।
8. अध्ययन क्षेत्रमा नमुना छनौटमा परेका विद्यार्थीहरु मध्ये २ जना विद्यार्थीहरुले विद्यालय छाडेको पाईयो भने निजीबाट सरकारी विद्यालयमा जाने विद्यार्थीहरु ३ जना रहेको पाईयो ।
9. अध्ययन क्षेत्रका विद्यार्थी मध्ये कुनै पनि विधीबाट सिकाइ क्रियाकलापमा सहभागि नहुने ३८.८८ प्रतिशत रहेको पाईयो त्यसै गरि अनलाईन विधीबाट सहभागि हुने २७.७७ प्रतिशत, रेडियो तथा टेलिभिजन र गाउँ-गाउँमा शिक्षक आएर गरेको शिक्षण क्रियाकलापमा  १६.६६ प्रतिशत बराबर रहेको पाईयो । यसरी हेर्दा कुनै पनि विधीबाट सिकाइ क्रियाकलापमा सहभागि नहुने विद्यार्थीहरुको संख्या सबै भन्दा बढि रहेको पाईयो ।
10. बिशेष गरि माथिल्लो तहका विद्यार्थीहरुले अनलाईनबाट र तल्ला तहका विद्यार्थीहरुले गाउँ-गाउँमा शिक्षक आएर गरेको शिक्षण क्रियाकलापमा सहभागि भएको पाईयो । जसमा केहि विद्यार्थीहरु स्मार्ट फोन, ल्यापटप, नेटवर्क, रेडियो/टेलिभिजन जस्ता सामग्रिको अभावले सहभागि नभएको पाईयो भने केहि विद्यार्थीहरु भएर पनि सहभागि नभएको पाईयो ।

## ५.२ सुझाबहरु (Recommendations)

यस अध्ययनमा संकलित तथ्याङ्कको व्याख्या, विश्लेषण र छलफल पछि केहि महत्वपुण निर्ष्कष निकालियो र त्यसको आधारमा कोभिड-१९ ले शैक्षिक क्षेत्रमा पारेको प्रभावका सम्बन्धमा विभिन्न पक्षहरुलाई निम्नानुसार सुझाबहरु उल्लेख गरिएको छ ।

### ५.२.१ नीतिगत सुझाबहरु (Policy (Recommendations)

1. अध्ययन क्षेत्रमा कोभिड-१९ को व्यापकता बढ्न नदिनका लागि भारत आवतजावत गर्ने स्वतन्त्र सिमानामा कडाई गर्नुपर्ने ।

2. कोभिड-१९ को संक्रमितहरु प्रति गाउँघर, छरछिमेकिमा गरिने व्यावहारमा सकरात्मक परिवर्तन लयाउनका लागि सरकारी तथा गैरसरकारी निकायहरुबाट विभिन्न किसिमका सचेतनामुलक कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने ।
3. राष्ट्रिय स्तरमा कोभिड-१९ सम्बन्धि भए गरेका विभिन्न कार्यक्रमहरु प्रभावकारि रुपले कार्यन्वयन गर्ने नीति नियम तर्जुमा गर्नुपर्ने ।
4. कोभिड-१९ जस्ता विभिन्न महामारिको समयलाई ध्यानमा राख्दै स्वास्थ्य क्षेत्रको स्तर उन्नतिका लागि केन्द्रिय स्तरबाट दिर्घकालिन योजना तथा कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने ।
5. कोभिड-१९ जस्ता विभिन्न महामारिको समयमा शिक्षण सिकाइलाई निरन्तरता दिनका लागि सबै विद्यार्थीहरुलाई सिकाइ क्रियाकलापमा सहभागि गराउन उचित किसिमको वैकल्पिक विधिहरु वा प्रणालिहरु तयार गरि प्रभावकारि रुपमा कार्यन्वयनमा जोड दिनुपर्ने ।
6. शैक्षिक क्षेत्रलाई बदलिदो समय, परिस्थिति अनुसार समयसापेक्ष बनाउनका लागि प्रविधिको प्रयोगमा जोड दिने किसिमका नीति, नियम, ऐन, कानुन बनाई कार्यन्वयन गर्नुपर्ने साथै भएकाहरुको पनि प्रभावकारि कार्यन्वयन गर्नुपर्ने र त्यसको प्रभावकारिताको मुल्याङ्कन गर्नुपर्ने ।

### ५.२.२ प्रयोगात्मक क्षेत्रसँग सम्बन्धित सुझाबहरु (Practice Rlated Recommendations)

1. कोभिड-१९ कस्तो खालको रोग हो ? यसको लक्षण, सर्ने तरिका, यसबाट बच्ने उपाय, संक्रमित व्यक्तिहरुलाई गर्ने व्यावहार जस्ता कुराहरुमा स्वास्थ्य संस्थाहरु, स्थानयि तह, वडा कार्यलय, शैक्षिक संस्थाहरु, सञ्चारका माध्यमहरुले जनचेतनामुक कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने ।
2. अध्ययन क्षेत्रका मानिसहरु वैदेशिक रोजगारिका लागि विभिन्न देशहरुमा जाने र फर्केर आउँदा कोभिड-१९ जस्ता महामारि वा सरुवा रोगहरु पनि आउने भएकाले स्वदेशमा नै

विभिन्न पेशा व्यावसाय गर्न व्यावसायिक तथा सिपमुलक तालिमहरु सञ्चालन गरि पेशागत दक्षता अभिबृद्धि गर्नुपर्ने ।

3. महामारिको समयमा विद्यार्थीको सिकाइ क्रियाकलाप  नियमित हुन नसकेको हुँदा खालि विद्यालय र शिक्षकको मात्र भर नपरि विद्यार्थीले आफै आफ्नो सिकाइलाई नियमित राख्नु पर्ने र अभिभावकहरुले पनि त्यसका लागि सहजिकरण गर्नुपर्ने ।
4. विद्यार्थीले विद्यालय जानु नपर्दा घरमा खालि समयमा मोबाईल, टेलिभिजन, ल्यापटप जस्ता सामग्रिहरुमा अनावश्यक अनलाईन खेलहरु, अनावश्यक वेबसाईट, सामाजिक सञ्जालहरु आदिको प्रयोग गरेर समय खेर फालिरहेका हुन्छन, त्यसलाई कम गरि त्यस्ता सामग्रिहरुलाई आफ्नो सिकाइ क्रियाकलापमा प्रयोग गर्न, गराउन अभिभावक, शिक्षकले विद्यार्थीहरुलाई प्रोत्साहित गर्ने ।

### ५.२.३ भावि अध्ययनका लागि सुझाबहरु (Furher Study Recommendations)

शैक्षिक क्षेत्रमा कोभिड-१९ ले पारेको प्रभाव सम्बन्धमा अध्ययन अनुसन्धान गर्नु पर्ने धेरै बिषयबस्तु वा शिर्षकहरु छन्, जसमा केहि भबिष्यमा अध्ययन अनुसन्धान गर्न सकिने बिषयबस्तु वा शिर्षकहरुलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

1. शैक्षिक तथा आर्थिक क्षेत्रमा  कोभिड-१९ ले पारेको प्रभाव सम्बन्धि अध्ययन अनुसन्धान गर्न सकिने छ ।
2. विद्यार्थीहरुमा कोभिड-१९ को मनोबैज्ञानिक असर सम्बन्धि अध्ययन अनुसन्धान गर्न सकिने छ ।
3. घरेलु सिकाइ वातावरणमा बालबालिकाको क्षमता बिकास सम्बन्धि अध्ययन अनुसन्धान गर्न सकिने छ ।
4. कोभिड-१९ जस्तो महामारिको समयमा सिकाइ क्रियाकलाप  सन्चालन गर्न उपयुक्त हुने वैकल्पिक विधि वा प्रणालि सम्बन्धि अध्ययन अनुसन्धान गर्न सकिने छ ।
5. कोभिड-१९ को समयावधिमा सिकाई क्रियाकलापलाई सञ्चालन गर्दा देखिएका समस्या एवम् चुनौतिहरुको सम्बन्धि अध्ययन अनुसन्धान गर्न सकिने छ ।

# सन्दर्भसूचि (Reference )


एनसिई नेपाल, (२०७८) *सार्वजानिक शिक्षामा कोरोना महामारिको असर : नागरिक अनुगमन तथा अनुसन्धान,* बबरमहल, काठमाण्डौ नेपाल

खनाल, तेजचन्द्र (२०७७) *कोरोनाले शिक्षामा पारेको सकारात्मक प्रभाव र अभिभावकको भुमिका,* शिक्षा पाटी : अनलाइन (१३ असोज २०७७ मंलबार)

धामि, खगेन्द्रसिंह (२०७७) *शिक्षा क्षेत्रमा कोरोनाले पारेको प्रभाव,* news24 : महाराजगञ्ज, काठमाण्डौ

पोखरेल, सुनिल. र क्षेत्रि, रबिन (२०७७), *शिक्षा र कोभिड-१९,* शिक्षा सरोकार : अनलाइन

बुढाथोकि, चित्रबहादुर (२०६९), सामुदायिक स्वास्थ्य तथा सामुदायिक संगठन, काठमाण्डौं : सनलाईट पब्लिकेसन

भट्ट, पवनकुमार (२०७८),*कोरोनाले बालबालकामा कस्तो प्रभाव पारेको छ ?* सेतोपाटी : अनलाईन

अनलाईन

मोक्तान, एञ्जिला (२०२१), *विद्यालय शिक्षामा कोभिड-१९ को प्रभावबारे नेपाली सञ्चार माध्यमको प्रस्तुति, सार्बनिक वृत्तमा यसबारे भएका बहस र समग्रमा विद्यालय शिक्षामा परेको प्रभावको बिश्लेषण,* हिमाल खबर : अनलाईन

युनिसेफ नेपाल (२०२०), *सुरक्षित तवरले विद्यालय पुनः सञ्चालनका लागी नयाँ मार्गनिर्देशनहरु,* काठमाण्डौ : लेखक

रोङ्ग गाउँपालिका (२०७५), *रोङ्ग गाउँपालिकाको वस्तुगत विवरण, २०७५* : रोङ्ग गाउँपालिका

शाही, अर्जुन (२०७७*), विद्यालय शिक्षमा कोरोना कहरको प्रभाव र शिक्षण क्रियाकलाप निरन्तरताको उपाय,* प्रशासन : अनलाईन

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय (२०७७), *विद्यालय सञ्चालन सम्बन्धी कार्यढाँचा २०७७,* काठमाण्डौः लेखक

शिक्षा तथा विज्ञान प्रविधि मन्त्रालय (२०७७), *विद्यार्थी सिकाई सहजीकरण २०७७,* काठमाण्डौं : लेखक

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय (२०७७), *कोरोना भाइरसको परिचय,* काठमाण्डौं : लेखक

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय (२०७७) कोभिड-१९ रोग विरुद्धको खोप अभियान कार्यक्रम निर्देशिका २०७७/०७८ (२०७८) : काठमाण्डौं : लेखक

(सूचना तथा प्रसारण विभाग, (२०६९), नेपालको परिचय, काठमाण्डौं, सूचना तथा प्रसारण विभाग : नेपाल सरकार

BBC News (2020) *कोरोना भाईरस नेपाल : महामारी लियन्त्रणपछि के सबै छात्रा विद्यालय फर्किलान् : काठमाण्डौ*

Dawadi, Saraswati; Giri, Ram Ashish; Simkhada, Padam; (2021*), Impact of covid - 19 on the education sector in Nepal : challenges and coping strategies* : online---

https://www.who.int/emergencies/diseases/novel-coronavirus-2019/advice-for-public

https://www.worldometers.info/coronavirus/#countries

## अनुसूचि-१ (Appendix -1)

१) नाम :- १.१ उमेर :

१.२) जिल्ला :- १.३) नगरपालिका :

१.४) वडा नं: १.५) कक्षा

२) तपाई कोरोना भाइरसबाट संक्रमिण हुनु भयो ?

क) भएँ ख) भईन

३) तपाईको बिचारमा कोभिड - १९ कस्तो खालको रोग हो ?

....................................................................................................................

४) कोभिड - १९ कसरि सर्छ ?

....................................................................................................................

५) कोभिड - १९ बाट बच्न तपाईले के कस्ता उपायहरु अपनाउनु भयो ?

....................................................................................................................

६) तपाईको विद्यालयले बन्दाबन्दीको समयमा वैकल्पिक विधिवाट शिक्षण सिकाइ कार्यहरु संञ्चालन गर्यो ?

क) गर्यो ख) गरेन

७) कुन कुन वैकल्पीक विधि प्रयोग गर्यो ?

क) रेडियो/टेलिभिजन ख) अनलाइन कक्षा

ग) गाउँ घरमा शिक्षक आएर घ) सवै

८) तपाई वैकल्पीक विधिवाट संञ्चालन गरिएको शिक्षणमा सहभागी हुनु भयो ?

क) भएँ ख) भईन

९) तपाई कुन कुन वैकल्पीक विधिबाट सिकाइ क्रियाकलापका सहभागी हुनु भयो ?

क) रेडियो/टेलिभिजन ख) अनलाइन कक्षा

ग) गाउँ घरमा शिक्षक आएर घ) कुनै विधिबाट पनि सहभागी भईन

१०) कोभिड-१९ को बन्दाबन्दिको समयमा के बाट अनलाईन कक्षामा सहभागी हुनु भयो ?

क) मोबाईल ख) ल्यापटप

ग) दुबैबाट घ) दुबै थिएन

११) कोभिड-१९को समयमा परिक्षाहरु कसरी संञ्चालन भयो ?

क) अनलाइन कक्षा ख) गाउँ घरमा शिक्षक आएर

ग) भौतिक रुपमा घ) अन्य

१२) कोभिड-१९ ले तपाईको ज्ञान शिप विकासमा कस्तो प्रभाव पार्यो ?

.............................................................................................

१३) कोभिड-१९ तपाईको सिकाईमा कस्तो समस्याहरु ल्याईदियो ?

.............................................................................................

१४) कोभिड-१९ ले तपाईको सिकाईमा ल्याएको समस्याहरु कसरी समाधान गर्नुभयो ?

.............................................................................................

१५) कोभिड-१९ को समयमा ज्ञान, शिप विकास लागि प्रविधिको प्रयोग कसरी गर्नु भयो ?

.............................................................................................